जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ३८, २०७५ साल माघ ४ गते शुक्रबार, नेपाल संवत् ११३९ (Jan. 18, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## न्यायाधीशहरू शंकाको घेरामा

काठमाडौं। ठेकेदार विक्रम पाण्डेले राष्ट्रिय गौरवको सिक्टा सिंचाइ आयोजनामा गुणस्तरहीन काम गरेर भ्रष्टाचार गरेको ठहरसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मंसिर १२ मा मुद्दा दर्ता गरेको थियो । अख्तियारले उनीविरुद्ध १ अर्ब १३ करोड ७६ लाख रुपैयाँ बिगो मागदाबीसहित मुद्दा दर्ता गरेको थियो । तर विशेष अदालतले ४ करोड धरौटीमा पाण्डेलाई साधारण तारेखमा **बाँकी ८ पेजमा**


## उत्तर कोरियाको आग्रह

काठमाडौं । उत्तर कोरियाका नागरिकलाई नेपाल प्रेवशाज्ञामा सहज गरिदिन उत्तर कोरियाका राजदूत जो योङ मेनले गृहमन्त्री रामबहादुर थापालाई आग्रह गरेका छन् । हिजो गृह मन्त्रालयमा भएको शिष्टाचार भेटमा नेपालका लागि नवनियुक्त राजदूत जो योङ मेनले नेपाल र उत्तर कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ४५ वर्ष पुगेको स्मरण गराउँदै आफ्ना नागरिकलाई प्रवेशाज्ञामा सहज गरिदिन आग्रह गरेको गृह मन्त्रालयले जनाएको छ । मेनले नेपालका लागि नयाँ राजदूतको रूपमा कार्यभार सम्हालेकामा थापाले मेनलाई सफलताको शुभकामना दिए ।

# फेरि संविधान संशोधनको रोइलो

काठमाडौं। संविधानलाई राष्ट्र, राष्ट्रिय एकता तथा जनताको सार्वभौमिकताको प्रतीक मानिन्छ । संविधान राष्ट्रको सामाजिक राजनीतिक परिवेशको दर्पण पनि हो । संविधान कुनै पनि राष्ट्रको चिनारी र पहिचान पनि हो । राज्यको शासन प्रणाली संविधानले नै निर्धारण गरेको हुन्छ । निर्वाचित जनप्रतिनिधिले बनाई लागू गरिएको संविधान कुनै पनि राष्ट्रका लागि लोकतान्त्रिक प्रक्रियाको प्रतिफल मानिन्छ। सामाजिक, भौगोलिक तथा आर्थिक बनावटको विविधताको अनेक आरोह अवरोहको सामना गर्दै संविधानसभाको दोस्रो संस्करणले २०७२ साल असोज ३ गते संघीय गणतान्त्रिक नेपालको नयाँ संविधान जारी गऱ्यो । ६५ वर्ष अघिदेखि आफ्नो लागि आफैंले संविधान लेख्ने नेपाली जनताको सपना साकार भयो। यसलाई नेपाली जनताको ऐतिहासिक उपलब्धि र सौभाग्यको विषयका रुपमा लिइयो ।

संविधानले गतिशील लोकतन्त्रमा सम्भावनाका ढोकाहरुलाई सधैं खुला राख्छ । नयाँ संविधानका अक्षरहरु लेखिँदै गर्दा विमतिका स्वरहरु पनि सँगसँगै सुनिए । यतिन्जेलसम्म राजनीतिमा भूराजनीति घुसिसकेको थियो । दक्षिणी छिमेकी मुलुक भारतले संविधानसभाले जारी गरेको संविधानमा आफ्नो अपनत्व नभेटेपछि नेपालमाथि नाकाबन्दी लगाउन समेत पछि परेन । नेपालको संविधानको स्वागतमा अन्य देशहरु अग्रसर हुँदासम्म भारतले विज्ञप्ति निकालेर स्वागत गरेन बरु उसले नेपालमा संविधान बनेको कुरा ख्यालमा आएको बतायो । भारतले नेपालको संविधानलाई अहिलेसम्म समर्थन गरेको छैन । नयाँ संविधानको विरोधमा 'ब्लाक आउट' गर्ने तत्कालीन मधेसी मोर्चा अहिले राष्ट्रिय जनता पार्टीमा परिवर्तित भएको छ । संविधान पुनर्लेखनको माग गर्दै आएको राजपाले यही संविधानअनुरुप गरिएको स्थानीय, प्रदेश र संघीय संसदको निर्वाचनमा भाग लियो । तर मधेसमै उनीहरुलाई मधेसी जनताले खासै पत्याएनन् । तत्कालीन एमाले र माओवादी केन्द्रका पक्षमा नेपाली जनमत उर्लियो । अहिले यी दुई दल मिलर बनेको नेकपाको दुईतिहाई बहुमतको सरकार छ देशमा ।




अहिले फेरि मधेस केन्द्रित दल राजपा अध्यक्ष मण्डलले प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाउँदै संविधान संशोधनको माग गरेको छ । संविधान जारी भएको १२५ दिनमै संविधानको पहिलो संशोधन भयो । मधेस दलहरु यसबाट पनि सन्तुष्ट भएनन् । उनीहरु संसदमा अल्पमतमा रहेका कारण सरकारलाई फकाएर, घुर्क्याएर संविधान संशोधन गराउने रणनीतिमा देखिएका छन् । नयाँ संविधान जारी भएको १७ दिनमै तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले संविधान संशोधनको प्रस्ताव संसद सचिवालयमा दर्ता गराएका थिए ।

केपी ओली प्रधानमन्त्री भएपछि २०७२ माघ १० गते संविधानको पहिलो संशोधन भयो । धारा ४२ (२) को संशोधनले समानुपातिक समावेशितालाई मौलिक अधिकारका रुपमा स्थापित गऱ्यो । धारा ८४ (१) मा भएको संशोधनले निर्वाचन क्षेत्र निर्धारणमा तत्कालीन मधेसी मोर्चाले माग गरेअनुसार निर्वाचन क्षेत्र निर्धारणमा जनसंख्यालाई मुख्य आधार बनाइएको छ । यसमा जनसंख्यालाई मुख्य आधार मान्ने वाक्यांश भने उल्लेख गरिएको छैन । जनसंख्या, भौगोलिक अनुकूलता र विशिष्टताका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने भनिएको छ र सोही मुताविक निर्वाचन क्षेत्र निर्धारण भई तीनवटै तहका चुनाव सम्पन्न गरिए ।

मधेसी दलहरुको संगठित स्वरुप राष्ट्रिय जनता पार्टीले ओली सरकार बनेको ११ महिनामा ११ औं पटक संविधान संशोधनको माग गरेको छ । १४ जेठ २०७५ मा फोरम नेपालसँग सरकारले दुई बुँदे सम्झौता गऱ्यो र फोरम सरकारमा सहभागी भयो। फोरम सत्तारुढ भएपछि सरकारको हैसियत दुईतिहाई बहुमतमा पुगेको हो । गत १० पुसमा राजपा अध्यक्ष मण्डलले प्रधानमन्त्री केपी ओलीसँग भेट गर्दै संविधान संशोधनका लागि ज्ञापनपत्र बुझायो । २९ पुसमा फोरम नेपालले प्रधानमन्त्रीलाई भेट्दै संविधान संशोधनका लागि आग्रह गऱ्यो। संविधान संशोधन नभए सरकारलाई दिएको समर्थन फिर्ता लिने राजपाले बताउँदै आएको छ । राजपालाई बिच्काएर कांग्रेस नजिक हुन दिने पक्षमा सरकार छैन। तर संविधानप्रति सरकार उदासीन नै छ। यस बारेमा प्रमुख प्रतिपक्षी दल कांग्रेसभित्र पनि कुनै छलफल भएको छैन न त सत्ताको नेतृत्व गरिरहेको नेकपाभित्र नै ।

पुष्पकमल दाहाल प्रचण्ड दोस्रो पटक प्रधानमन्त्री भएपछि १४ मंसिरमा संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गरियो । सिमांकन फेरबदलको प्रस्तावले आन्दोलनलाई निम्त्यायो । पश्चिमी भूगोल आन्दोलित भएपछि सरकारले २९ क्षेत्रमा संशोधन प्रस्ताव फिर्ता लिन बाध्य भयो । २०७४ वैशाख १३ मा **बाँकी ८ पेजमा**

## सम्पत्ति बाहिरिने क्रममा तिव्रता

काठमाडौं । 'नपार देश यो खोक्रो ऐश्वर्य ओसारेर' राजा महेन्द्रले नजाउ छोडी यो देश भन्ने गीतमा सम्पत्ति ओसारेर देश खोक्रो नपार भन्ने हरफ पनि लेखेका थिए । सायद त्यही समयदेखि नै नेपालको सम्पत्ति विदेश ओसार्न थालिएको हुनुपर्छ । अहिले सम्पत्ति ओसार्ने क्रम तीव्र रुपले बढी रहेको छ । माघ ३ गते प्रकाशित प्रायःजसो सबै पत्रपत्रिकाहरुमा विदेशमा सम्पत्ति ओसार्नेहरुको बारेमा प्रमुखताका साथ समाचार लेखिएका छन् । ठूला व्यापारिक घरानाका व्यक्तिदेखि लिएर नाम नसुनेका व्यक्तिहरु समेतले विदेशमा गैरकानुनी रुपमा लगानी गरेका रहेछन् । अमेरिका, बेलायत, बेलारुस, साइप्रस, ब्रिटिस भर्जिन आइल्यान्ड, माल्टा लगायतका मुलुकमा ५५ जना नेपालीले शंकास्पद रुपमा लगानी रहेको समाचार सार्वजनिक भएको छ । नेपालको प्रचलित ऐन, कानुनले विदेशमा लगानी गर्न रोक लगाएको भए तापनि विभिन्न मुलुकमा लगानी रहेको पाइन्छ । उपेन्द्र महतो लगायतका विदेशमा कमाएर विदेशमै लगानी गर्ने गैर आवासीय नेपालीका लागि लगानी गर्न कानुनी अडचन नभए तापनि नेपालमा कमाएर विदेशमा लगानी गर्नेहरुले भने प्रचलित कानुनको दायरामा बस्नुपर्नेमा कानुन उल्लंघन गर्दै नेपालको पैसा विदेश पुऱ्याएका छन् ।

अन्तर्राष्ट्रिय खोज पत्रकारिताको संयन्त्र 'दी इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नालिस्टस्' (आईसीआईजे) को विवरण र खोज पत्रकारिता केन्द्र नेपालले गरेको थप अनुसन्धान अनुसार ५५ जना नेपालीले विदेशमा लगानी गरेका छन् । उपेन्द्र महतो, चन्द्रप्रसाद ढकाल, अरुणकुमार चौधरी, शशिकान्त अग्रवालदेखि लिएर विवादास्पद छविका व्यापारी अजयराज सुमार्गीसम्मको विदेशमा लगानी रहेको छ । माडवारी घराना, नेवारी घरानाका व्यापारीहरु विदेशमा लगानी गर्नेमा ठूलो संख्यामा देखिन्छन् ।

यसैगरी स्विटजरल्यान्डस्थित स्विस बैंकमा नेपालीहरुले ५० अर्ब रुपैयाँ राखेको फेला परेको छ । जसमा मिनु शाह छिब्बर र उनका दुई छोराको नाममा मात्र २ अर्ब ६१ करोड ४३ लाख रुपैयाँ रहेको छ । ५० अर्बमध्ये केही रकम भने नेपालको ठेगाना प्रयोग गरी विदेशीले समेत जम्मा गरेका छन् ।

नेपालको पैसा गैरकानुनी बाटोबाहेक सम्पत्ति बेचबिखन गरेर पनि ठूलो परिमाणमा बाहिरिएको छ । ब्रिटिस गोर्खा रेजिमेन्टमा **बाँकी ८ पेजमा**

## पाँच महिनामा ६ खर्बको आयात

काठमाडौं । चालु आर्थिक वर्षको पाँच महिनामा नेपालले ६ खर्ब ७ अर्ब रुपैयाँको वस्तु तथा सेवा आयात गरेको छ । गत वर्षको यसै अवधिको तुलनामा वस्तु आयात ३३ दशमलव ८ प्रतिशतले बढेको हो ।

आयातको तुलनामा पर्याप्त निर्यात हुन सकेको छैन । जसका कारण हरेक वर्ष व्यापार घाटा उच्च रुपले बढेको हो । आयातमै निर्भर रहेको नेपालको निर्यातको अवस्था भने ज्यादै दयनीय रहेको छ । नेपालबाट दैनिक २५ करोड रुपैयाँ बराबरको सामान मात्र विदेशिने गरेको छ । नेपालमा दैनिक झन्डै ४ अर्बको विदेशी सामान भित्रिने गरेको छ । व्यापार निकासी प्रबर्द्धन केन्द्रले सार्वजनिक गरेको चालु आर्थिक वर्षको पाँच महिनासम्मको वैदेशिक व्यापारको तथ्यांकले दैनिक ४ अर्ब ४६ करोड रुपैयाँ बराबरको सामान आयात भएको देखिएको छ ।

केन्द्रका अनुसार पाँच महिनामा ३७ अर्ब ५० करोड रुपैयाँको वस्तु तथा सामान निर्यात भएको छ । यो तथ्यांक गत वर्षको तुलनामा १२ दशमलब तीन प्रतिशतले वृद्धि भएको हो । पेट्रोलियम पदार्थ, फलाम तथा स्टिलका उत्पादन, मेसिनरी र पार्टस तथा यातायातका साधन, विद्युतजन्य उपकरण, हवाईजहाजका पार्टसमा आयात वृद्धि भएको प्रबर्द्धन केन्द्रले जनाएको छ । नेपाल कृषि प्रधान देश भए पनि कृषिजन्य वस्तु अत्यधिक आयात भएको तथ्यांकले देखाएको छ । कृषिजन्य वस्तुको आयात १४ प्रतिशतले वृद्धि भएको छ । यसका अतिरिक्त सुन चाँदी जस्ता वस्तुको हिस्सा पनि नेपालको कुल व्यापारको लगभग चार प्रतिशत रहेको केन्द्रले जनाएको छ । व्यापार घटाउन तथा **बाँकी ८ पेजमा**

## केसीसँग वार्ता कहिले ?



काठमाडौं । विगत नौ दिनदेखि सत्याग्रहमा डा. गोविन्द केसीको स्वास्थ्यस्थिति नाजुक बन्दै गएको छ । १६ औं पटक अनसनरत केसीको स्वास्थ्य जति गल्दै गएको छ उति नै हौसला पनि बुलन्द हुँदै गएको छ । इलामका ज्येष्ठ नागरिकहरुले समेत लौरो टेक्दै केसीका मागका समर्थनमा प्रदर्शन गरेका छन् । केसीको पक्षमा बढ्दो सहानुभूतिले सरकारलाई नांगेझार बनाइरहेको छ ।

केसीले उठाएका माग देश र जनताका हितमा छन् । उनी चिकित्सा शिक्षालाई माफियाको **बाँकी ८ पेजमा**

## सिमानमा काँडेतारलाई सहयोग



काठमाडौं । मिति २०७५ साल पुष १२ गते हिजो 'सिमानामा कांडेतार' चलचित्र निर्माण गर्ने सन्दर्भमा सुरेन्द्र ढकाल प्रतिष्ठान र सामना फिल्म प्रा.लि. बीच एक सम्झौता सम्पन्न भयो । यस सम्झौता अनुरुप सुरेन्द्र ढकाल प्रतिष्ठानबाट सामना फिल्मस्लाई रु. १५०,०००/- आयोजना सम्पन्न गर्न सहयोग गर्ने भएको छ ।

उक्त सहयोग रकमको प्रथम किस्ता रु. ५०,००० सम्झौता सम्पन्न हुनासाथ प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले सामना फिल्मस्का प्रबन्ध निर्देशक नवल खड्कालाई हस्तान्तरण गर्नुभयो । सम्झौता बमोजिम उक्त फिल्म निर्माण भएपश्चात् सिनेमा हल नभएको ठाउँहरुमा आम जनचेतनाको लागि निःशुल्क प्रदर्शन गर्ने सहमति भएको छ ।

सुरेन्द्र ढकाल प्रतिष्ठानको मुख्य उद्देश्य राष्ट्रवादको सम्बर्द्धन र विदेशी अतिक्रमणको विरोध गर्ने भएको र निर्माण गरिने सिमानामा काँडेतार चलचित्रको मुख्य उद्देश्य पनि विदेशीले नेपाली भूमिमाथि गरेको अतिक्रमणबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जनचेतना फैलाई विदेशीको मिचाहा प्रवृत्तिको भण्डाफोर गर्ने भएको हुँदा उक्त सहयोग गरिएको हो । सम्झौतामा प्रतिष्ठानको तर्फबाट अध्यक्ष ढकालले तथा सामना फिल्मसका तर्फबाट नायक, निर्देशक तथा सामना फिल्मसका निर्माता नवल खड्काले हस्ताक्षर गर्नुभएको थियो । उक्त **बाँकी ८ पेजमा**

## समय-सन्दर्भ
## गाजल मुखभरि पोते के हुन्छ ?

**राजन कार्की (वरिष्ठ पत्रकार)**

जिम्मी कार्टरले 'गिरिजा मेरो हिरो' भनेका थिए । मृत्युपछि देखियो- उनी हिरो थिए कि जिरो । कांग्रेसले समेत उनलाई सम्झन छाडिसक्यो । राजनीतिको शेर बन्न हुंकारले मात्र हुन्न, वीपीको जस्तो यथार्थवादी र मनमोहन अधिकारीकोजस्तो सिद्धान्तनिष्ठ, महेन्द्रजस्तो देशबादी हुनुपर्छ । नेकपा र कांग्रेस नीतिमा, सिद्धान्तमा र जनअपेक्षामा सफल भएनन् ।

चुनाव जितेर चारतारे झण्डा फहराउँदैमा राष्ट्र बलियो नहुने रहेछ । रातामे रङ खुइलिने रहेछ । महेन्द्रको देशभक्ति सधैं उज्यालो, कांग्रेसको विगत र नेकपाको वर्तमान उहिलेको र खुइलिएको तस्वीर हो ।

नेकपाले पाएको ५ वर्षे सत्ता जनघात, राष्ट्रघात धुने धोविघाट पनि हो। माधव नेपालको शव्दमा यो अवसर र चुनौति दुबै हो। नेकपाले यो अवसर र चुनौति गुमाउँदै छ । पश्चातापको सतबिज छर्ने मैदान बनाइरहेछ ।

हुन त इटलीमा ग्यारीवाल्डीले योङ इटलीजस्तो क्रान्तिकारी दस्ता तैयार गरेका थिए, रेडसर्टजस्तो दल खोलेका थिए । यी दस्ता र दलले इटलीको शान्ति र समुन्नतिको जग बसाले र लोकतान्त्रिक राजनीतिको मूलधारमा समाहित भए । जसको परिणाम आजको सम्पन्न इटली हो । त्यो अनुकरण गर्न छाडेर युथफोर्स, लडाका, वाइसीएलहरु चर्को नारामा सिमित भए, ठूलो पार्टीले अराष्ट्रिय बाटो पो पक्रियो ।

ओली र प्रचण्ड, शेक्सपियरले लेखेजस्तो कठपुतली बनेर Cowards die many times before their death को नियतिका सिकार होलान् कि जनअपेक्षाअनुसारको स्वाधीनता, समानता, न्याय र सर्वोन्नतिको परिणाम देलान् ? त्यो अग्नि परीक्षा सुरु भएको छ। राष्ट्रिय कर्तव्य बिर्सेर नकारात्मक, कायरको पदमार्ग पछ्याउन थालिसकेको छ ।

माओ, चारु, चाउको इतिहास सकारात्मक साहसको इतिहास हो, यिनले जनघात अथवा राष्ट्रघात कहिल्यै गरेनन् । प्रचण्ड र केपी ओलीको बितेका दिनहरु भरलाग्दो जनवादी, देशवादी छैनन् । तिनको बिगत त्यसै भन्छ । यिनको वर्तमान पनि उन्माद, भ्रष्टाचार, दुराचार, सत्तामोह, भागबण्डामा चुर्लुम्मै डुवेका प्रमाणहरु छन् । यिनीहरु बाहुबली पाल्न र स्वार्थको राजनीतिमा ढाल्न जान्ने नेतामा पनि गनिन्छन् । यसकारण चुनाव विजेता महान हस्ती यी दुईका सामु इमान नभएकाका सामु समयले उभ्याउने कलंकको कालो अध्याय उपस्थित **बाँकी ८ पेजमा**

## एनसेल पुनः बिक्रीमा

काठमाडौं । कर छलेको मुद्दा टुंगोमा नपुऱ्याउँदै निजी क्षेत्रको एनसेल बिक्री गर्ने प्रक्रिया सुरु भएको छ । यसका हालका लगानीकर्ता विक्रेताको खोजी गर्दै युनाइटेड अरब इमिरेट्सको दुबई पुगेका छन् ।

एनसेलका लगानीकर्ता एक्जियटाका सञ्चालक र सतिशलाल आचार्य दुबईमा रहेको उच्चस्रोतले जानकारी दिएको छ । उनीहरूले सो कम्पनी तीन खर्ब ४० अर्ब रूपैयाँमा साउदी अरबमा मुख्य कार्यालय रहेको अब्दुल वाहव एल गल्दारीलाई बिक्री गर्ने प्रक्रिया अगाडि बढाएका हुन् ।

एनसेल बिक्रीका लागि एडब्लुजिएएललाई एक्जियटा र सुनिभेरा क्यापिटल भेन्चर प्रालीका तर्फबाट गत जेष्ठ १९ गते लेटर अफ इन्टेन्ट (एलओआई) जारी गरेको थियो । त्यसबीचमा एनसेलका केही मुद्दाहरूका बारेमा समाचार आएपछि सो कम्पनी केहीपछि हटेको थियो । तर, पछिल्लो समय सबै कुरा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

# विकासको गतिमा सुधारको खाँचो

दुईतिहाई बहुमतको सरकार गठनपछि विकासले तीव्रता पाउने अपेक्षा सबैमा रहेको थियो । सरकारले समेत विकासले फड्को मार्ने भनेर बारम्बार भन्दै आएको छ । तर भनाइ गराइ र आम नागरिकको अपेक्षा विपरीत विकासको गति कछुवा शैलीमा मात्र अगाडि बढिरहेको छ । विकासको गति मापन गर्दा सरकारको विकास बजेट कुन ढंगबाट खर्च भइरहेको छ, त्यसलाई नियाल्दा स्पष्ट हुन्छ । चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा जम्मा १७ दशमलव ६८ प्रतिशत मात्र विकास बजेट खर्च भएको छ । यो तथ्यांकले के स्पष्ट पार्छ भने दुईतिहाईको सरकारको बजेट खर्च कार्यान्वयन विगतका सरकारको निरन्तरताभन्दा पृथक देखिन सकेन ।

सरकारले चालु आर्थिक वर्षको ६ महिनामा ५५ अर्ब ५२ करोड मात्र विकासतर्फ खर्च गर्न सकेको छ । यो आर्थिक वर्षमा ३ खर्ब १३ अर्ब ९९ करोड खर्च गर्ने लक्ष्यको १७.६८ प्रतिशत मात्र ६ महिनाको अवधिमा खर्च भएको छ । महालेखा नियन्त्रण कार्यालयले सरकारको खर्च प्रणालीमा सुधार आउन नसकेको र विगतकै वर्षहरूको निरन्तरताको रूपमा मात्र खर्च भइरहेको निष्कर्ष निकालेको छ । सरकारको विकास खर्चलाई तीव्रता दिन संघीय संसदको अर्थ समितिले सरकारलाई मंसिर महिनाभित्रमै ठेक्का सम्फौता सम्पन्न गरी दोस्रो चौमासभित्रमा ६० प्रतिशत बजेट खर्च गर्न निर्देशन दिएको थियो । दोस्रो चौमासको दुई महिना समाप्त भइसक्दा १७ प्रतिशत मात्र पुँजीगत खर्च भएको छ ।

पुँजीगत खर्च वृद्धि नहुँदा विकासको गतिमा प्रत्यक्ष प्रभाव पार्ने त छँदैछ त्यसको अलवा बजारमा पैसाका प्रवाह रोकिनाले तरलताको अभाव हुने गरेको छ । सरकारले ढिकुटीदेखि बाहिर निस्किएको पैसा व्यापारी, श्रमिक सबैमा प्रवाह भएपछि त्यसले अर्थतन्त्रलाई चलायमान बनाउनको साथै बैंकहरूमा तरलताको अभाव हटाउँछ । अहिले वाणिज्य बैंकहरू पैसाको अभाव देखाएर उद्योग, व्यवसाय खोल्न ऋण माग्न आउनेहरूलाई लगानी गर्न सकिरहेका छैनन् । निजी क्षेत्रमा लगानीको वृद्धि भएर कर संकलन गर्ने क्षेत्र फराकिलो भएमा मात्र सरकारको ढिकुटी समेत हराभरा बन्छ । भएका सीमित उद्योगी, व्यापारी र सर्वसाधारणलाई करको बोफले थिचेर मात्र सरकार लक्ष्यमा पुग्न सक्दैन । सरकारले विकास तथा पूर्वाधार योजनाहरूमा खर्च बढाउन नसक्दा त्यसले सिंगो अर्थतन्त्रमा प्रभाव पार्छ । कर्मचारीतन्त्रको निस्क्रियता र सरकारको फितलोपनाले खर्च गर्ने क्षमतामा ह्रास आएको हो । सरकारका मन्त्रीदेखि प्रधानमन्त्रीसम्म भाषण कलामा निपुण देखिन्छन् । कागजमा विकास भएको तथ्यांक देखाउन प्रधानमन्त्री समेत पछि पर्दैनन् । तर वास्तविकता मापन गर्ने तथ्यांक खोतल्दा सरकारको भनाइ र गराइमा बिल्कुलै फरक देखिएको छ ।

विगतमा पैसाको अभावले विकास प्रभावित हुने गरेका थिए । अहिले सरकारसँग पैसा हुँदा पनि खर्च गर्ने क्षमताको अभावले विकास प्रभावित भइरहेको छ । साधारणतर्फको खर्च वृद्धिमा भने माथिदेखि तलसम्म हारालुस गरेको देखिन्छ । बाटो नभएका गाउँपालिकाका प्रमुखहरूले समेत पचास लाखभन्दा बढी मूल्य पर्ने गाडी खरिद गर्ने टेन्डर सूचना निकालेको पत्रपत्रिकाहरूमा देख्न सकिन्छ । सरकारले पुँजीगत खर्चको भन्दा नहुँदा पनि खर्च गर्ने संयन्त्र विकास गर्न सकेको छैन । टेन्डर प्रक्रियामा पुरानै ढिलासुस्ती, चाहिनेभन्दा बढी कागजी प्रक्रिया, भ्रष्टाचार र कमिसनका प्वाल खोज्ने होडबाजीले गर्दा विकास बजेट खर्च गर्ने बेला वर्षा याममा अर्थात् असारे भरिमा पुग्ने गरेको छ ।

राजस्व संकलनतर्फ भने सरकारले लक्ष्य भेदन गर्ने देखिन्छ । ६ महिनाको अवधिमा लगभग ५५ प्रतिशत राजस्व संकलन भएको छ । सरकारले चालु आर्थिक वर्षमा नौ खर्ब ४५ अर्ब राजस्व संकलनको लक्ष्य राखेकोमा ६ महिनामा ५ खर्ब २० अर्ब संकलन भइसकेको तथ्यांक महालेखा नियन्त्रकको कार्यालयमा रहेको छ । राजस्व संकलनकै गतिमा विकास खर्चको गति बढेको खण्डमा मात्र सरकारले लक्ष्य निर्धारण गरेको विकासको उपलब्धि हासिल गर्न सक्छ । विकासका दृष्टिकोणले अत्यन्त पछि परेको मुलुकलाई तीव्र ढंगको विकासको खाँचो छ । सपरकार मजबुत भएका कारण विकासमा बाधा पार्ने ऐन, कानुन जति छन् तिनलाई संशोधन गरेर समयसापेक्ष बनाउन सक्छ । कर्मचारीतन्त्रको मानसिकता परिवर्तन गराएर देश र जनताप्रति जिम्मेवार, कामप्रति निष्ठावान र समर्पित बनाउन आवश्यक छ । कामको गति बढाउन ठेक्का प्रणाली र ठेकेदार छनोटमा समेत ध्यान दिन आवश्यक छ । एउटै ठेकेदारले कयौं आयोजना ओगटेर अलपत्र पारेको तीतो यथार्थबाट पाठ सिक्न जरूरी छ ।

वर्तमान सरकारले नेपालको इतिहासमै सुनौलो अवसर प्राप्त गरेको छ । दुईतिहाईको प्रचण्ड बहुमतलाई सही ढंगले उपयोग गरी देशलाई समृद्धिको बाटोमा लैजान सक्छ । तर त्यसमा सरकारको दृढ इच्छाशक्ति आवश्यक छ । सानातिना फमेला र कमिसन मोहमा अल्फिएर समय खेर फाल्दा पछि यो अवसर फर्केर आउँदैन । व्यक्तिगत इच्छा चाहनालाई थाँती राखेर देश बनाउने संकल्पतर्फ मन्त्रीहरू लाग्ने हो भने ब्युरोक्रेसी त्यसको अनुशरण गर्न थाल्छ । मन्त्रीले भ्रष्टाचारतर्फ नजर लगाएपछि त्यसको असर तलैसम्म पुग्छ । राष्ट्रिय गौरवका आयोजनाहरूको समय र खर्च वृद्धिभित्र पनि भ्रष्टाचार र अनियमितताको प्रत्यक्ष परोक्ष प्रभाव परिरहेको छ । त्यसैले सरकारको मूल मन्त्र स्वच्छता र पारदर्शिता अनि देश र जनताप्रति इमानदारिता हुन आवश्यक छ । त्यसो भएको खण्डमा विकासले निश्चित रूपमा गति लिनेछ ।

# अब जनस्तरबाटै हो कारबाही गर्ने




सुरेन्द्र ढकाल
पोलिटब्युरो सदस्य
(नेकपा माले)

गत पुस २७ गते केही देशद्रोहीहरुले राष्ट्रनिर्माता पृथ्वीनारायणको तस्विरमा थुकेको सामाजिक सञ्जालमा देख्न पाइयो । मुखले पृथ्वीनारायण शाहको प्रशंसा गरे तापनि उक्त राष्ट्रिय पर्वको दिनको बिदा काटेर प्रधानमन्त्री ओलीले त्यही पृथ्वीनारायणलाई थुक्नेकै लहरमा आफूलाई उभ्याए । उनी साँच्चै राष्ट्रवादी प्रधानमन्त्री हुन्थे भने कमसेकम पृथ्वीनारायणको शालिक तोड्ने, तस्विरमा सार्वजनिक रुपमा थुक्नेलाई जेलनेलसहित कैदमा हालेर खान नदिइ मार्न पर्दथ्यो । पृथ्वीनारायण शाहले गोरखाबाट शुरु गरेको नेपालको एकिकरण क्रममा उनको फौजले बंगालको फौजलाई मकवानपुरगढी र विश्वविजेता अंग्रेजको फौजलाई सिन्धुलीगढीबाटै लखेटेका थिए । एकिकरण अभियान त्यस बेलामा यदि उनले सुफबुफ र सफल युद्धनीति र कुटनीतिबाट संचालन गर्न नसकेको भए भारतीय उपमहाद्विपका राजा रजौटाहरु जस्तै नेपालका बाइसे चौबिसे सबै एकएक गर्दै अंग्रेजी उपनिवेशभित्र हराउँथे अनि नेपाली राष्ट्रवादको भ्रुण नै नासिन्थ्यो होला ।

यस अर्थमा उनले शुरु गरेको एकिकरण अभियानले दक्षिण एसियामा शक्तिशाली विशाल नेपाल राष्ट्रको उदयमात्रै भएन नेपाली राष्ट्रवादको जन्म गरायो । त्यसैको कारण हामी नेपालीहरु कहिले पनि अंग्रेजको औपनिवेशिक दासत्व शासनभित्र पर्न परेन र विश्वमा स्वतन्त्र जातिको रुपमा चिनियौं । नेपाली राष्ट्रवादको यस्तो महान गौरवशाली इतिहासको रचयिता राष्ट्र निर्माताको अपहेलना गर्नेहरुलाई नेपाली नागरिक भन्न मिल्दैन । जुन थालमा खायो त्यसमै आची गर्ने, जुन हाँगामा बस्यो त्यही हाँगा काट्ने राष्ट्रद्रोहीहरुलाई यदि सरकार कारवाही गर्न सक्दैन भने यिनलाई कारवाही गर्ने भनेकै अब जनताले जनस्तरबाट हो ।

नेपालका नेताहरु भारतको तलुवा चाटेर उसैको इसारामा नाच्छन् भन्ने कुरा राजा वीरेन्द्रले राखेको नेपालको शान्तिक्षेत्र प्रस्तावलाई यिनले बेवारिसे बनाएकै तथ्यबाट पुष्टि हुन्छ । लेण्डुपका अनुयायी यी नेताहरु सफल हुँदै जाँदा पृथ्वीनारायणको नाम मेट्दै लगेर यिनले नेपाललाई अन्ततः सिक्किम बनाउने नै हो । तसर्थ राष्ट्रवादी नेपाली जनता अब जागरुक र एक भएर यिनलाई जनकारबाही गर्ने अभियानको आरम्भ गर्नुपर्दछ । भारत राष्ट्रपतिको हातबाट भारतीय सेनाको मानार्थ महारथीको सम्मान लिने नेपाली सेनाका प्रधानसेनापति र उनका गणहरुबाट पनि अब नेपालको सम्प्रभुताको सुरक्षा हुन नसक्ने अवस्थामा अबको विकल्प भनेको राष्ट्रवादी नेपाली जनताबीचको एकता हो । जसरी चीनमा माओले जापानी प्रभुत्ववाद र चियाङकाइसेकको आत्मसमर्पणवादको विरुद्ध चिनिया लालसेना निर्माण गरी चीनलाई तिनीहरुको दासताबाट मुक्त गरेका थिए । त्यसैगरी अब हामीले पनि राष्ट्रवादी नेपाली लालसेनाको संगठन र विस्तार गर्नुपर्ने दिन आएको छ र यस लक्ष्यलाई हासिल गर्ने पहलकदमीको रुपमा पृथ्वीनारायणको सालिक तोड्ने र उनको तस्विरमा थुक्नेलाई पहिलो निशाना बनाउनु पर्दछ । त्यसकारण अब कारबाही गर्ने भनेको जनस्तरबाटै हो ।

# शान्तिपूर्वक न्याय स्थापनातर्फ



जगदीश लामिछाने
रौतहट, पौराई

इजरायलको स्थापना विश्वयुद्धको दौरानमा यहुदी वैज्ञानिकहरुलाई ग्यास चेम्बर तथा जातीय सफायाबाट बचाउन अमेरिकी प्रयासले भयो भनी मानेकै छन् र मानौंला पनि । मुस्लिम धर्म प्रधान अरबहरुले पनि अन्य धर्म मान्ने विश्वलाई आफ्नो धर्ममा आउन बाध्य नपारी सम्पूर्ण धार्मिक अधि सरेकै देखिनु पर्यो । किनभने अंग्रेजहरुले विश्वसंस्था स्थापना गरी आधा जति अघि सरे सके । अनिमात्र अंग्रेजी सेना एसियाबाट फर्काउलान् भन्ने आशा गरौं । यही माग इसाइ बन्धुहरुसँग पनि गरेमा विश्व शान्ति र न्यायपूर्ण होला कि ?

हिमवत्खण्डका नेपालीहरुले २५०० वर्षअघिको बुद्ध धर्मसँगै वास्तुकार अरनिको र भृकुटी उहिले हिमालयपारि नेपालले पठाएकै हो । हामीहरु आर्य धर्म र बुद्ध धर्म एउटै हो, व्यवहारिकता देखाएकै हौं । अहिले विश्वमा फनफन प्राविधिक युग आयो । सिमाना छेउकै लामावगरको बिजुली समेत लिएरै भए पनि चिनिया रेल सजिलै श्री ५ महेन्द्रले २०१३ मै खोलिदिएको बाटो पछ्याएर बाह्रबिसे भएर तिमीलाई रेल ल्याउँ कि भन्न पर्नेमा किन गारो छ ? भनी केरुङबाटै रेल ल्याऔं भन्नु ? चीनले दक्षिणतर्फ उहिल्यै अंग्रेजले लगेको काठ ढुंगा आदि र अहिले अरु लिएर भए पनि पूर्व पश्चिम बिजुली रेल भेट्टाएर बर्दिबाससम्मै भारतले ल्याउन लागेको देखिएकै छ । दुवै चीन र भारतले न्याय अर्थात धर्म गरेको यसै गरी देखिने होइन र ? यस्तै पारस्परिकताले एसियामा शान्ति र न्याय स्थापना हुन्छ । यो होस नेपालकै न्याय क्षेत्रले पनि गर्नैपर्दछ ।

हाम्रो सर्वोच्च अदालत र न्यायालयहरुले भ्रष्टाचारका मुद्दाहरु चाड थुपारी राखिरहेर यो विश्व रंगमंचमा नेपाल सरकार भ्रष्टाचारी भनी दुर्नाम भएको छ । यसैले गएकै ठीक अघिल्लो शुक्रबार पुस २७ मा न्यायालयहरुलाई अनुरोध गरिएको हो । भ्रष्टाचार नीतिगत र कार्यगत हटाउन जति न्यायक्षेत्रलाई सजिलो छ त्यति अरुलाई छैन । जस पनि न्याय क्षेत्रलाई नै जान्छ । राजतन्त्रकै पालामा पनि उत्साहसाथ न्यायले आफ्नो अधिकार तथा प्रजातन्त्रको रक्षार्थ भ्रष्टाचार विरोधी फैसला गरेकै हो । यसैले त्यसबखत न्याय चम्किलो भएकै हो । पछि दलगत प्रभावमा भातृसंगठनहरु वकिलहरुलाई खोल्न दिएर न्याय क्षेत्र आलोचित बन्न पुगेको हो ।

न्याय प्रमाण तथा प्रमेयमा कति नविराई चल्नुपर्नेहरु हुनाले मुद्दाहरु प्रस्तुत गर्ने कार्यपालिका, सरकारी वकिल र प्रहरी आदि पनि अपराध संरक्षणमा तत्पर थिए कि थिएनन् भन्ने समाजलाई जानकारी दिनैका लागि पनि मुद्दाहरु थन्काएर राख्नु भएन । यस्तो नगरी आवश्यक फैसला हुँदै गर्यो भने त्यो बेलामा अपराध लुकाउने सरकारी निकायहरुको जानकारी न्याय क्षेत्रबाटै जनताले पाउनेछन् ।

यस्तो महत्वपूर्ण श्रेय पाउने अवसर पनि अदालतहरुले आफ्नो हातबाट गुम्न दिन भएन । अहिले वर्तमान सत्तासिन पार्टीका दुई प्रमुखमध्येका एक पुष्पकमल दाहाल आदि अलि उत्ताउले सत्ता भएको भए हुन्छ, प्रधानमन्त्री केपी ओली पनि सांसदहरुले सोधेको प्रश्नको जवाफ दिन आनाकानी गर्नु हुन्छ । अनि सर्वसाधारण प्रजातान्त्रिक न्यायमै विश्वास गर्छन ।

यो भन्दा पनि दुखदायी कुरो नेपाली कांग्रेस आदिका धेरै सरकारहरुले द्वन्द्व समाधानको वहानामा अदालतमा विचाराधीन धेरै मुद्दाहरु फिर्ता लिए र हाम्रा अदालतहरुलाई काम गर्न नदिएकै हुन् । यसैले पनि देशभरका अदालतहरुलाई भ्रष्टीकरण हुन नदिनु नै श्रेयस्कर छ । यसबाट प्रजातन्त्रको रक्षा र सर्वोच्च अदालतका असाधारण अधिकारहरुको पनि सुरक्षा हुने छ । यसैले सरकारी तथा गैरसरकारी सम्पूर्ण वकिलहरु समेत मिली न्यायक्षेत्र एक ढिक्का हुनैपर्ने अवस्था आएकै छ । सर्वोच्च अदालतले चाहनुमात्र पर्दछ । यस्ता विकृतिहरु हटाउन सजिलै सक्ने छ । अन्तर्राष्ट्रिय चलनभन्दा आफ्नै देशको अवस्थाको विश्लेषण गरी विद्वान वकिलहरुमार्फत आफ्नै कानुन पत्रिकामा लेख रचनाहरु प्रकाशित गरियो भने सम्मानित सर्वोच्च अदालतले समाजकै शुद्धिकरणमा पनि धेरै काम गर्न सक्ने नै छ ।

वर्तमान केन्द्र, प्रदेश र स्थानीय सरकारहरुले उत्ताउला भएर मनपरी गरिरहेका नीतिगत तथा कार्यगत भ्रष्टाचारहरुको विषयमा सुधारात्मक तथा दण्डात्मक न्याय प्रणालीको विश्वभर देखिने नेपालको चिनारी पनि हाम्रै सर्वोच्च अदालतको नेतृत्वमा हुनाले नै विश्व मानचित्रमा नेपाली न्याय उज्यालो छर्दै रहनेछ भनी पुनः आशा गरौं अस्तु ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

# जोसेफ स्टालिन–२९

धरतीकै महान् नारी वर्गलाई वस्तुको रूपमा हेरेर नर्कको पिँधतिर लग्यो । त्यसैले माओको नेतृत्वमा भएको महान् सांस्कृतिक क्रान्तिको लक्ष्य चिनियाँ समाजको पितृसत्ता विरूद्ध हुनुपर्थ्यो ।

कुनै पनि समाजमा हुने क्रान्तिको तारो त्यस समाजको प्रमुख बाधकतत्त्वविरूद्ध हुनुपर्छ ।यस्तो क्रान्ति पहिला विचारधारात्मक क्षेत्रमा गरिनुपर्छ, त्यसपछि मात्र भौतिक क्षेत्रमा छेड्नुपर्छ । तर माओले चीनको विद्यमान समाजको वास्तविकता सही तरिकाले सायद विश्लेषण गर्नैसकेनन्,त्यसैलेसांस्कृतिक क्रान्ति पनि समाजअनुरूप भएन । माओको शेषपछि त्यहाँ सर्वप्रथम चिनियाँ समाजको सबभन्दा उत्पीडित वर्ग नारीका टाउकामाथि विपत्तिको पहाड पल्टियो ।

स्मरण रहोस्, चीनमा सांस्कृतिक क्रान्ति चलिरहेका बेला सन् १९७० आसपासमा चिनियाँकम्युनिस्ट पार्टीको एक राजनीतिक प्रतिवेदनमा भनिएको थियो– "हाम्रा कतिपय नेताहरू आफ्नो कार्यक्षेत्रमा खटेर काम गर्नुभन्दा फोन गरेर आदेश र उपदेशहरू दिने, जनताका वास्तविक समस्याहरू बुफेर, सबैका कुरा सुनेर धारणा बनाउनुभन्दा गाडीबाट ओर्लनेबित्तिकै फरर बोल्ने अनि महिलाहरूको सवाललाई विशेष रूपले लिनुपर्छ भन्ने विचारतिर ध्यान नदिने प्रवृत्तिहरू गैरसर्वहारावादी चिन्तन र विचारहरूको उपज हो… ।" यस तथ्यका अगाडिका दुई कुराहरूका आलोचना ठीक छन् तर महिलाहरूका सवालबारेचाहिँ शतप्रतिशत गलत छ । चीनको सर्वहारावादी सांस्कृतिक क्रान्तिमा उत्पीडित महिला वर्गबारे सही कुराहरू पनि उठेका रहेछन् तर त्यसलाई दबाइएको रहेछ ।

आज चीनमा नारीहरूले कलकारखाना र उद्योगहरूमा स्थान पाउँदैनन्; पार्टी, सेना र राज्यका तमाम निकायहरूमा उनीहरूको स्थान अगिको तुलनामा धेरै घटेको छ । सामन्तवादी र पुँजीवादी समाजमा नारीहरूलाई शोषण र दमनगर्ने त्यही प्रवृत्तिल्यहाँ फेरि जाग्दै आएको छ । जस्तै, नारीहरू घरधन्दामा मात्र सीमित हुनुपर्ने, राजनीतिक रङ्गमञ्चमा प्रोत्साहन नपाउने, पुरूष वर्ग मालिक र नारीवर्ग दासको रूपमा रहने, कृत्रिम शृङ्गारपटार गरीपुरूषका खेलौना र भोगविलासका साधन बन्नुपर्ने इत्यादि । हिजोआज करोडौं चिनियाँ महिलाहरू बेरोजगारीका कारण वेश्यावृत्तिअपनाउन बाध्य छन् । एकै शब्दमा भन्ने हो भने चिनियाँ महिलाहरूकोअवस्था उही पुरानो व्यवस्थातिर फर्कंदै छ ।

सन् १९५६–५७ तिरको कुरा हो,चीनमा समाजवादी समाज निर्माण र विकासका लागि माओको नेतृत्वमा एउटा पक्ष आफ्नो खुट्टामा निर्भर हुने मतमा थियो र अर्को पक्षचाहिँ ल्यू साओ चीको नेतृत्वमा समाजवादी समाजको निर्माण र विकासका लागिपुँजीवादी मुलुकहरूसँग ऋण लिने वकालत गर्थ्यो । ती दुई धारबीचको अन्तरविरोध १० वर्षपछि चरमचुलीमा पुग्यो ।कतिसम्म भने माओ स्वयंले 'बुर्जुवाहरूको मूल अड्डालाई नै उडाइदेओ !' भन्दै सार्वजनिक रूपले घोषणा गर्नुपर्‍यो । त्यसपछि चिनियाँकम्युनिस्ट पार्टीको केन्द्रीय शक्ति पार्टी, सरकार,सेना र राज्यका विभिन्न क्षेत्र र स्थानमा रहेका आफ्ना विरोधीहरूमाथि आक्रामकभयो । उनीहरूलाई पदबाट निष्कासित गर्ने, अग्लो कागजको चुच्चे टोपी लगाएर बूढो गोरूको बुईमा उल्टो चढाई गाउँमा घुमाउने, श्रम शिविरमा पठाउने,जेल चलान गर्ने आदि भए।७८ जना त मारिए पनि । सन् १९६६ देखि सुरू भएको उक्त सांस्कृतिक क्रान्तिमा स्कूल, कलेज र विश्वविद्यालयका करोडौं विद्यार्थी, शिक्षक, बुद्धिजीवी र विद्यार्थीहरू आआफ्नो पठनपाठन छोडेर जनतामाफ गएका थिए– मार्क्सवाद, लेनिनवाद तथा माओवाद र चीनमा सर्वहारावादी सांस्कृतिक क्रान्तिको आवश्यकताबारे बुफाउन ।

'वस्तुगत नियम मान्छेको इच्छाशक्तिभन्दा बाहिर हुन्छ' भनेझैं सांस्कृतिक क्रान्तिको मार्गदर्शन चिनियाँ समाजमा हुँदै नभएको 'सर्वहारा वर्ग' लाई आधार मानी भएको थियो, जुन स्वाभाविक कुरा होइन । त्यही कारणले क्रान्तिको दौरानमै कैयौं अस्वाभाविक घटनाहरूभए (चिनियाँ क्रान्तिका महान्सहिद कमरेड याङ काइ हुईको जीवन घटनामा आधारित नाटकमाथि प्रतिबन्ध लाग्नु, म्याक्सिम गोर्कीको विश्व प्रसिद्ध उपन्यास 'आमा' प्रतिबन्धित हुनु, चीनको भीषण क्रान्तिमा भाग लिँदै आएका तर भिन्न मत राखेका कमरेडहरूलाई नयाँ च्याङ काइ सेकको बिल्ला भिराउनु, अगि ल्यू साओ चीलाई माओको उत्तराधिकारी घोषणा गर्नु र पछि उनैलाई जेल हाल्नु, फेरि माओको उत्तराधिकारी मानिएका लिन प्याओले माओमाथि नै षड्यन्त्र गर्नु आदि ।) सांस्कृतिक क्रान्तिको अन्तरालमै पनिक्रान्तिकारी भनिनेहरूआलोचकमाथि कथित संशोधनवादीको आरोप लगाउँदै भीषण आक्रमण गरिरहेका थिए । त्यसैलेउनीहरूको अवस्था प्रतिरक्षात्मक रह्यो ।हुन त ती कारबाही आफ्नो ठाउँमा सफल रहेछन् भन्ने कुरा माओको देहावसान (सन् १९७६) पछि तेङ र तेङ समूहको सफल अभ्युदयले चरितार्थ गर्छ ।

सांस्कृतिक क्रान्तिकाल (सन् १९६६–७६) मा दशौं करोड युवा, विद्यार्थीहरू गाउँगाउँ गएर रूढीबूढी, अन्धविश्वास, स्वर्ग र नर्कका भ्रुठफरेब, धर्म भिरूहरूका शोषण गर्ने कलाहरूको पर्दाफास गर्ने कार्यहरू भएका थिए, जसबाट आमकिसानहरूको चेतना अभिवृद्धि भयो । नेता, कार्यकर्ता, बुद्धिजीवी सबैले श्रम गर्नुपर्ने कुराहरू सांस्कृतिक क्रान्तिका उपलब्धि मान्नुपर्छ ।अब प्रश्न उठ्छ– चीनको समाजवादी समाजको निर्माण र विकासका लागि माओको लाइन सही थियो कि ल्यू साओ चीको ?

ल्यू साओ चीको लाइन अनुसरण गर्ने तेङ स्याओ पिङले आज चीनको आर्थिक अवस्था सुधार्दै देश विकासमा अग्रगति दिएको होला तरराजनीतिक, सामाजिक र सांस्कृतिक अवस्था विश्व साम्यवाद प्राप्त गर्ने मार्गमा छँदै छैन भन्ने प्रस्ट हुन्छ । वास्तवमा माओको लाइन 'सर्वहारा अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख !' तुलनात्मक रूपले सही थियो ।त्यही कारण १९७६ सम्म चीन आजभैं पतन हुन पाएन ।


क्रमशः

# मैले देखेको उनासिऔं विश्व सम्पदाः
# लक्जेमवर्गको पेट्रुस किल्ला


सुरेन्द्र ढकाल




किल्लाभित्रको विशाल भऱ्याङ बरबन लक



किल्लामा रहेको हिँड्न मिल्ने चौडा पर्खाल (ऱ्यामपार्टस)



किल्लाको भित्री भाग




पेट्रुस किल्ला बाहिरबाट हेर्दा यस्तो देखिन्छ



पेट्रुस किल्लामा रहेको बेट्री



ऱ्यामपार्टसमा पर्यटकहरू




किल्लामा लेखकले त्यसबेला किनेको पोस्टकार्ड

ब्रसेल्सको मुटुमा रहेको दरबार स्क्वायर क्षेत्र अवलोकन गर्ने काम सकिँदा दिनको दुई बजेको थियो। जर्मनी फर्कनुअघि अब मेरो अन्तिम गन्तब्य भनेको लक्जेमवर्ग जानु थियो। तसर्थ म लागेँ पुन ब्रसेल्स रेलस्टेशनतिर । २:३० मा ब्रसेल्सबाट छुटेको रेल दिनको ४:५० मा लक्जेमवर्ग शहर आइपुगेको थियो ।

रेलवे स्टेशनमा रहेको पर्यटन सूचना केन्द्रमा त्यहाँको ऐतिहासिक महत्वको स्थानबारे बुझ्दा त्यहाँको विश्व सम्पदा मानिने पेट्रुस किल्ला अवलोकन गर्ने सल्लाह उनीहरुले दिए। सो किल्ला रेलवे स्टेसनबाट डेढ किलोमिटरको दूरीमा रहेको जानकारी दिँदै उनीहरुले मलाई लक्जेमवर्ग शहरको नक्सा निशुल्क दिए। म पैदलै सो किल्ला अवलोकन गर्न गएँ ।

**पेट्रुस किल्ला (बास्टिओन)**

यस किल्लालाई केसमेट्स पेट्रुस भनिँदो रहेछ। यो किल्ला स्पेनिसहरुले मध्यकालिन युगमा सन् १६७३ तिर स्वीट्जरलैण्डका किल्ला डिजाइनर आइजाक फोन ट्रेवाखलाई बनाउन लगाएका रहेछन् । शत्रुको देशमा आफ्नो सुरक्षाको लागि निर्माण गर्ने किल्ला जसलाई बास्टिओन भनिन्छ, त्यो निर्माणपश्चात तत्कालिन गर्भनर बेकको नाममा राखिएको रहेछ ।

शुरुमा यस किल्लाको उचाइ त्यति अग्लो नभएको र मर्मतपछि मात्र वर्तमान उचाइ २७ मिटर कायम भएको बताइँदो रहेछ । सुरक्षाको कारणले गर्दा यहाँ घोडचढीहरु तैनाथ गरिएको र ५४ वटा सैनिक तोपहरु तैनाथ गर्न भनेर ढुंगाको खुड्किलासहितको प्यारापिट बनाइएको रहेछ जस्लाई पेट्रुस ब्याटरी भनिँदो रहेछ।

यो किल्ला लक्जेमवर्गमा संरक्षण गरिएको किल्लामध्ये एक र ऐतिहासिक मानिदो रहेछ । पछि १७२८ तिर अष्ट्रियनहरुले ग्राण्ड स्टेयरकेश (विशाल भऱ्याङ) हरु बनाएका रहेछन् । यस भऱ्याङलाई बरबन लक भनिदो रहेछ ।

सन् १८६७ मा किल्ला भत्काइएपछि किल्लासँग जोडिएका चौडा पर्खाल जसमाथि चीनको ग्रेटवाल जस्तै मान्छेहरु हिँड्न मिल्छ (ऱ्यामपार्टस) हरुमा भएका प्वालहरु टाल्ने काम गरी सबै प्रवेशद्वारहरु बन्द गरिएको रहेछ । बन्द रहेको अवस्थामा त्यस किल्लाभित्र एक चलाख बगैंचेले च्याउ उत्पादन गरी बेच्ने गरेको कुरा पनि पर्यटकहरुलाई बताइँदो रहेछ। सन् १९३३ को जुलाई २६ देखि पर्यटकहरुको लागि खुला गरिएको यो किल्ला हाल लक्जेमवर्गको संविधान चोक **(Constitution Square)** मा छ। तीन चरणको पर्खालको घेरा (रिङ) बाट सुरक्षित लक्जेमजर्ग शहरलाई यसै किल्लाको कारण उत्तरको जिब्राल्टर पनि भनिदो रहेछ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np


दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय हो । नागरिक अधिकारप्रति सजग र सचेत बनौं, बनाऔं र सबैमा समान व्यवहार गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मेरो केही भनिहाल्नुपर्ने कुराहरु-२

## वस्तुगत कारणबारे-२




■ शम्भुराम श्रेष्ठ

नेपाललाई अंग्रेज साम्राज्यवादको अर्ध उपनिवेशबाट भारतीय विस्तारवादको अर्धउपनिवेशमा परिणत गर्ने भारतको नेहरु सरकारको षड्यन्त्र सन् १९५० को १ जुलाईको दिन नेपाल र भारतको बीचमा तथाकथित 'शान्ति तथा मैत्री सन्धि' भएपछि सफल भयो किनभने त्यो वास्तवमा 'शान्ति तथा मैत्री सन्धि नभई नेपालमाथि लादिएको असमान एवं अपमानजनक सन्धि हो र साथै हाम्रो उत्तरी छिमेकी, चीनविरुद्ध लक्षित सैनिक गठबन्धन पनि थियो ।

त्यति मात्रै होइन, त्यस सन्धिअनुसार नेपाल सरकारले नेपालको सम्पूर्ण उत्तरी सिमानालाई भारतको सिमान्त रेखा हो भनी नेहरु सरकारले गरेको दाबीलाई परोक्ष रुपले स्वीकारेको थियो र त्यसकै आधारमा नेपालको सम्पूर्ण उत्तरी सिमानामा भारतीय सैनिक चौकीहरु राख्न दिइएको थियो । यसबाहेक त्यो सन्धिले भारतीय नागरिकहरुलाई पनि नेपाली नागरिकहरु सरह नै बेरोकटोक नेपालमा पस्ने, घुमफिर गर्ने, घरजम गर्ने, ठेक्कापट्टा लिने र व्यापार गर्ने तथा उद्योग धन्दा खोल्ने अधिकार दिएको छ । त्यसकै नतिजा स्वरुप आज नेपालको सम्पूर्ण राष्ट्रिय अर्थतन्त्रमाथि भारतीय पुँजीपतिहरुको कब्जा हुन गएको हो ।

सन् १९५०, १ जुलाईको दिन काठमाडौंमा नेपाल र भारतको बीचमा उपरोक्त 'शान्ति तथा मैत्री' सन्धिमा हस्ताक्षर हुन्छ तर त्यसकै साढे चौध महिनापछि भएको नेपाल कम्युनिस्ट पार्टीको पहिलो राष्ट्रिय सम्मेलनमा त्यो सन्धिको विरोध हुनु त के, त्यसबारे उल्लेखसम्म पनि भएन । यसबाट उपरोक्त असमान तथा नेपाल खाने सन्धि भएकोबारे त्यति लामो समयसम्म पनि हामीहरुलाई विल्कुलै थाहा नभएको स्पष्टै हुन्छ । यसबाट हामी नेपाली कम्युनिस्टहरु त्यस समयमा राजनीतिक रुपले कुन हदसम्म बेककुफ थियौं भन्ने कुरा पनि जाहेर हुन्छ ।

त्यति मात्रै होइन, त्यस सन्धिबारे राम्ररी थाहा पाइसकेपछि पनि त्यस सन्धिमार्फत भारतीय विस्तारवादले नेपाललाई अंग्रेज साम्राज्यवादको अर्धउपनिवेशबाट आफ्नो अर्ध उपनिवेशमा परिणत गरेको तथ्यलाई नेपाली कम्युनिस्ट आन्दोलनले मानिरहेको छैन । किन रे भने भारत अहिले पनि विकासोन्मुख अवस्थामा नै रहेको र पश्चिम साम्राज्यवादी मुलुकहरु जस्तै साम्राज्यवादमा विकसित भइसकेको छैन । निश्चय नै भारतीय विस्तारवादी पुँजीवाद साम्राज्यवादमा विकसित भइसकेको छैन तर यसको मतलब यो कदापि होइन कि तुलनात्मक रुपले नेपालभन्दा ठूलो एवं बढी विकसित भारत जस्तो उदीयमान पुँजीवादी मुलुकले पिछडिएको र सानो मुलुक नेपाललाई आफ्नो अर्धउपनिवेश बनाउँदै बनाउँदैन । पुँजीपति वर्ग त आखिर पुँजीपति वर्ग नै, चाहे त्यो पूरा विकसित अवस्थाको होस् अथवा कम विकसित, पूरै ताकतवर नै होस् अथवा कमजोर त्यसको जन्मजात स्वभाव त उही नै हुन्छ अर्थात् आफूभन्दा कमजोर अवस्थाका पुँजीपतिहरुलाई खाएर ठूलो, झन् ठूलो हुँदै जाने । उदाहरणका लागि ब्रिटेनले भारतलाई उपनिवेश बनाउने अभियान सुरु गर्दा त्यहाँको पुँजीवाद विल्कुल उदीयमान अवस्थामा मात्रै रहेको ऐतिहासिक तथ्यलाई दिए पनि हुन्छ । मुसाको निम्ति बिरालो नै सबभन्दा बलवान र डरलाग्दो हुने गरेजस्तो, नेपाल जस्तो सानो र पिछडिएको मुलुकलाई अर्धउपनिवेश बनाउन साम्राज्यवाद नै किन चाहिन्छ, भारतीय विस्तारवाद नै काफी छ । नेपाली कम्युनिस्ट आन्दोलन नेपाललाई अर्धनिवेश मान्दछ, तर यसलाई अर्धउपनिवेश बनाएको हो भन्ने बारेमा चाहिँ विल्कुलै केही भन्दैन, मौन बस्छ । कुनै पनि मुलुक आफैं अर्धउपनिवेश बन्दैन, त्यसलाई अरु नै कुनै मुलुकले बनाएको हुन्छ । त्यसकारण नेपाललाई कुन चाहिँ विदेशी मुलुकले अर्धउपनिवेश बनाएको हो, त्यसबारे विल्कुलै केही नभन्नु, मौन धारण गर्नु मूर्खता त हो नै, साथै बुझ पचाउनु र विदेशीको सेवा गर्नु पनि हो । किनभने त्यसले गर्दा नेपाली क्रान्तिको प्रहारको एउटा प्रमुख शत्रु नै गायब हुन जान्छ, क्रान्तिको एउटा प्रमुख निशाना नै भ्रम हुन जान्छ । यस्तो अवस्थामा नेपाली क्रान्तिको सही कार्यक्रम र रणनीति तथा कार्यनीतिहरु निर्मित नहुनु, हुन नसक्नु स्वाभाविक नै हो ।

त्यति मात्रै होइन, अवशेषकै रुपमै भए पनि अंग्रेज साम्राज्यवादले अहिलेसम्म पनि नेपाली युवकहरुलाई आफ्नो साम्राज्यवादी सेनामा भर्ती गर्ने अर्धऔपनिवेशिक सहुलियत उपभोग गरिरहेकै छ । यसबाहेक सन् १९५० को दशकमा अंग्रेज अमेरिकी साम्राज्यवादको उक्साईमा दलाई लामा र उसका मतियारहरुले चीनको जन सरकारविरुद्ध गरेको प्रतिक्रान्तिकारी विद्रोह नराम्ररी फेल भएपछि दलाई लामा आफ्ना एजेन्टहरुलाई साथमा लिएर तिब्बतबाट भागेर आई भारतमा बसेदेखि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले संयुक्त रुपले खम्पाहरुलाई नेपाली भूमि भएर अत्याधुनिक हातहतियारहरुले लैसपारी चीनको तिब्बत प्रदेशमा सशस्त्र गतिविधिहरु गर्न लगाएका थिए । त्यसको पहिलो र प्रत्यक्ष सिकार नेपालले हुनुपर्‍यो । हालसालै 'आतंकवाद' लाई दमन गर्ने निहुँमा अमेरिकी साम्राज्यवादीहरु नेपालमा आफ्ना सैनिक अड्डाहरु खोल्न जोडतोडले लागिपरेका छन् । हुन त दोस्रो विश्वयुद्धको समाप्तिको लगत्तैपछि नै अमेरिकी साम्राज्यवाद नेपाललाई आफ्नो उपनिवेशमा परिणत गर्ने उद्देश्यले लागिपरेकै हो । माओवादी पार्टीद्वारा जनयुद्ध सुरु गरेदेखि त्यसमा पनि शेरबहादुर देउवा सरकारले देशमा संकटकाल घोषणा गरेदेखि यता अमेरिकी साम्राज्यवादले नेपालमा आफ्नो सैनिक गतिविधिलाई एकदमै तीव्र पार्दै लगेको छ । यस उसले भारतीय विस्तारवाद सँगसँगै अंग्रेज अमेरिकी साम्राज्यवादलाई पनि नेपालको वर्तमान राष्ट्रिय क्रान्तिका प्रमुख शत्रु घोषणा गरी तिनलाई पनि संघर्षको प्रहारको निशाना बनाउनु परेको छ ।

अन्तमा नेपाली कम्युनिस्ट आन्दोलनको हालको स्थिति र त्यसको अगाडि तेर्सिएको प्रमुख राजनीतिक कार्यबारे संक्षिप्त उल्लेख गर्न मैले आवश्यक सम्झेको छु । नेपाली क्रान्तिका कार्यक्रम र रणनीति तथा कार्यनीतिहरु सम्बन्धी कमजोरीहरुलाई हटाई गल्तीहरुलाई ठीक गरेर क्रान्तिलाई पूर्णरुपले सम्पन्न गर्न सक्ने नेपालमा एक मात्र राजनीतिक शक्ति छ र त्यो हो कम्युनिस्ट शक्ति । तर दुःखको कुरा के छ भने खुद त्यही शक्ति नै २०१९ सालदेखि आजसम्म संगठनात्मक रुपले फुटी थुप्रै समूह तथा उपसमूहहरुमा विभाजित भइआएको छ । त्यसको सदस्य संख्या र जनआधारको हिसाबले भन्ने हो भने बाहिरबाट हेर्दा त्यो अत्यन्तै ठूलो, भीमकाय र शक्तिशाली देखिए तापनि भित्रभित्रै एकदमै खंग्रिएको, खोक्रिएको, निरीह र बेज्यान अवस्थामा रहेको छ । नेपाली कम्युनिस्ट आन्दोलन यही अवस्थामा रहिरहेको बेलामा अर्थात् २०५२ साल फागुन १ गतेदेखि त्यसकै एउटा समूह अर्थात् माओवादी समूहले भारतीय विस्तारवाद एवं अंग्रेज अमेरिकी साम्राज्यवाद र सामन्तवाद विरुद्ध र नेपालको राष्ट्रिय स्वाधीनता तथा जनताको जनतन्त्रको निम्ति सशस्त्र संघर्ष चलिरहेको छ र हाल राजनीतिक, सामाजिक, आर्थिक, जातीय एवं लैंगिक आदि समस्याहरुको शान्तिपूर्ण समाधान गर्न युद्धविराम भई वार्ता चलिरहेको छ । माओवादी समूहले यस सन्दर्भमा अपनाई आएको रणनीति तथा कार्यनीतिहरु के कति ठीक छन् र के कति बेठिक छन् त्यसबारे नेपाली कम्युनिस्ट आन्दोलनभित्र सामूहिक छलफल भएर सही टुंगोमा पुग्न बाँकी नै छ । जे होस् माओवादी समूहले चलाएको जनयुद्ध र त्यसको प्रगतिले नेपालको कम्युनिस्ट शक्तिलाई एक निर्णायक शक्तिको रुपमा स्थापित गर्नुको साथसाथै बेज्यान कम्युनिस्ट आन्दोलनमा नयाँ जीवन सञ्चार गरिदिएको छ र नेपाली मजदुर वर्ग र विशाल किसान समुदाय लगायत समस्त श्रमजीवी जनसमुदायमा कम्युनिस्ट आन्दोलनप्रति अगाध विश्वास र श्रद्धा जगाइदिएको छ । तर पनि अहिलेसम्म पनि कम्युनिस्ट समूहहरु आपसमा मिल्न सकिरहेका छैनन् यहाँसम्म कि नेकपा (माओवादी) र श्री ५ को सरकारको बीचमा भइरहेको शान्ति वार्तालाई सफलीभूत पार्न निम्ति अपनाइनुपर्ने नीतिगत कुराहरुमा समेत कम्युनिस्ट समूहहरुको बीचमा कार्यगत एकता समेत हुन सकिरहेको छैन । यो साह्रै नै दुःखदायी कुरा हो र साथै यसबाट हामी नेपाली कम्युनिस्टहरु क्रान्तिप्रतिको आफ्नो दायित्वबारे विल्कुलै गम्भीर र जिम्मेदार नभएको पनि स्पष्ट झल्किन्छ ।

एउटै सिद्धान्त, अर्थात् मार्क्सवादको क्रान्तिकारी सिद्धान्तको आधारमा संगठित र कार्यरत हामी विभिन्न समूहहरुमा विभाजित भएर रहेका कम्युनिस्टहरु नेपाली क्रान्तिका ठोस अवस्थाहरुको आधारमा हामीहरुले अपनाइआएको आआफ्ना कार्यक्रम र रणनीति तथा कार्यनीतिहरुबारे आपसमा गम्भीरतापूर्वक छलफल गरेर एउटा सही निष्कर्षमा पुगी एक हुन सक्दैनौं भने हामीहरुले भिन्नै राजनीतिक सिद्धान्त बोकेका अन्य राजनीतिक पार्टीहरु र संगठनहरुसँग कसरी संयुक्त भएर काम गर्न सकौंला ? कदापि सक्ने छैनौं । अतः नेपाली कम्युनिस्ट आन्दोलनको आजको सबभन्दा महत्वपूर्ण र ठूलो खाँचो भनेकै वास्तवमा यस आन्दोलनभित्र व्यापक तथा सशक्त रुपले सांस्कृतिक क्रान्ति अर्थात् विचारधारात्मक संघर्ष छेडेर क्रान्तिका ठोस अवस्थाहरुको आधारमा वादविवाद चलाएर तथ्यपूर्ण तर्कद्वारा अरुहरुलाई चित्त बुझाउने र अरुहरुको तथ्यपूर्ण तर्कबाट आफूलाई चित्त बुझाउने स्पिरिटका साथ विचारधारात्मक एकतामा पुग्ने र सोही एकताको आधारमा नेपाली कम्युनिस्ट आन्दोलनको सैद्धान्तिक, राजनीतिक तथा संगठनात्मक रुपले पुनर्एकीकरण गर्नु गराउनु हो । नेपाली क्रान्तिलई पूरा गर्नका लागि यस किसिमको एकीकृत कम्युनिस्ट पार्टी हुनु एक किसिमले अनिवार्य आवश्यकता छ ।

# जडीबुटी एक : फाइदा अनेक



सागसब्जीमा बेथे 'चौलाई' को छुट्टै स्थान छ । दुनियाँभरका मानिस यसको उपयोग तरकारी र खानाका रुपमा स्वास्थ्य लाभका रुपमा गर्छन् । बेथे दुई किसिमका हुन्छ, एक सामान्य हरियो पात भएको र अर्को रातो पात भएको हुन्छ । यसले खोकी लाग्ने समस्या र पित्तको नाश गर्छ जसले रक्त विकार टाढा हुन्छ । पेट र कब्जियतका लागि चौलाईको तरकारी एकदमै उत्तम मानिन्छ । बेथेको तरकारी नियमित सेवन गरेमा वाथ ( युरिक एसिड), रक्त र त्वचा विकार टाढा हुन्छ । यसको डाठ र पातमा पौष्टिक तत्वहरुको प्रचुर मात्रा पाइन्छ । पेट र कब्जियतका लागि चौलाई एकदमै उत्तम मानिन्छ ।

बेथेमा कार्बोहाइड्रेट, प्रोटिन, क्याल्सियम र भिटामिन ए, मिनिरल्स र आइरन प्रचुर मात्रामा पाइन्छ । यसमा सोना धातु पनि पाइन्छ जो कुनै अन्य सागसब्जीमा पाइँदैन । औषधिका रुपमा बेथेका पंचागं अर्थात पाँच अंग (जरा, डाठ, पात, फल र फूल) लाई प्रयोग गरिन्छ । यसको डाठ र पातमा प्रोटीन, खनिज, भिटामिन ए, सी प्रचुर मात्रामा हुन्छ ।

कुनै प्रकारको पनि छाला रोग यसको पात पिसेर २१ दिनसम्म लेप लगाउँदा ठिक हुन्छ । शरीरमा यदि कतै पनि रगत बगिरहेको छ र रोकिएको छैन् भने रातो पात भएको बेथेको जरालाई पानीमा पिसेर पिएमा रगत बग्न रोकिन्छ । एकपटक पिउँदा रोकिएन भने १२ घण्टापछि दोस्रोपटक पिउनुपर्छ ।

पाठेघर होस् वा मलद्वारबाट रगत बग्नु र रुघा लागेर सिगान बग्ने समस्याका लागि यो उपयोगी हुन्छ । गर्भवतीबाट रगत बग्दा तुरुन्तै जरालाई पानीमा पिसेको रस पिएमा झर्न लागेको गर्भ रोकिन्छ । जसलाई गर्भ खस्ने समस्या छ ती महिलाहरुले मासिक धर्म (रजस्वला)को समयमा हरेक जरालाई पानीमा पिसेर चामलको पानीसँग पिउँदा ठिक हुन्छ ।

**तौल घटाउन मद्दत गर्छ :** प्रोटीन रक्तमा इन्सुलिनको स्तर कम गरेर हार्मोन बढाएर भोकलाई दबाउँछ जसकारण भोकको महसुस कम हुन्छ । लगभग १५ प्रतिशत बेथेमा प्रोटीन हुन्छ जो तौल घटाउन मद्दतगार छ ।

**रक्तचाप कम गर्छ :** अध्ययनका अनुसार ऐमरेन्थमा रहेको फाइबर र फिटोन्यूट्रीएन्ट्स नामक तत्वले रक्तचापलाई कम गर्नमा मद्दत गर्छ । जसकारण यो कोलेस्ट्रल, सुजन र रक्तचापसँग प्रभावकारी ढंगबाट लड्छ र मुटु स्वस्थ राख्छ ।

**सुजनलाई कम गर्छ :** ऐमरैन्थ अर्थात बेथेको तेल र पेप्टाइडमा एन्टी इफ्लेमेन्टरी गुण हुन्छ जसले दुःखाई र सुजन कम गर्नमा मद्दत गर्छ । यो पुरानो स्थितीका लागि एकदमै महत्वपूर्ण हुन्छ जहाँ सुजनले स्वास्थ्यलाई प्रभावित गरिरहेको हुन्छ ।

**फोडा (पिलो) र डण्डिफोर (दाग)** : फोडा र डण्डिफोरमा बेथेका पातहरुको पुल्टिस बनाएर लगाउँदा चाँडै पाकेर फुट्छ । सुजन भएमा त्यो ठाउँमा यसको लेप लगाउँदा सुजन टाढा हुन्छ ।

**पाचनमा सहजता (पचाउने सजिलो):** ऐमरैन्थमा रहेको फाइबर र अमिनो एसिडका कारण यसले पचाउनमा एकदमै सहज हुन्छ । यसमा रहेको फाइबरका कारण यसले आन्दामा चिप्कएको मल(दिशा)लाई निकालेर बाहिर धकेल्नमा मद्दत गर्छ जसले पेट सफा हुन्छ र पचाउने शक्ति मिल्छ । यसैकारण यसलाई पारम्परिक रुपमा रोगसँग लडिरहेका विरामीलाई दिइन्छ ।

**पिसाबमा जलनः** पिशाबमा हुने जलन रोक्नका लागि बेथेको रसको केही दिनसम्म सेवन गर्दा मुत्रवृद्धि हुन्छ र जलन ठिक हुन्छ ।

**शरीरमा रगत बढाउँछ :** औषधिका रुपमा बेथेको जरा, पात र विउ सबै प्रयोग गरिन्छ । यसका पाताहरु र विउमा प्रोटीन, भिटामिन ए र सी प्रचुर मात्रामा हुन्छ । ऐमरैन्थ अर्थात बेथेको साग एनिमिया रोगसँग लड्ने सबैभन्दा उत्तम उपाय हो । यसको सेवनबाट शरीरमा रगतको कमीलाई हटाउँछ । शरीरमा रगतको कमी दुर गर्नका लागि यसको सेवन सब्जी वा सुप (झोल)का रुपमा गर्नुपर्छ ।

**क्यान्सरको रोकथामः** एमरैन्थमा भएको पेप्टाइड्स शरीरमा सुजनलाई हटाउने र क्यान्सरको विकास रोक्नमा पनि एकदमै मद्दतगार हुन्छ । यसमा रहेको एन्टी अक्सीडेट कोशिकाहरुलाई क्षतिग्रस्त हुनबाट बचाउँछ । जसले क्यान्सर रोक्न मद्दत गर्छ ।

**रक्त बवासीरः** रक्त बवासीर वा मूत्र (पिशाब)मा रगत आउने समस्या, बेथेको पात पिसेर मिश्री मिलाएर शर्बत बनाएर ३ दिनसम्म लगातार पिएमा ठिक हुन्छ ।

**प्रतिरक्षा प्रणाली बोलियो बनाउँछ :** ऐमरैन्थको एउटा अर्को स्वास्थ्य लाभ पनि छ जसमा रहेको भिटामिन, खनिज र शक्तिशाली एन्टी अक्सिडेन्टले हाम्रो शरीरको प्रतिरक्षा प्रणाली ठिक राख्न मद्दत गर्छ । यसकारण यदि तपाईको प्रतिरक्षा प्रणाली कमजोर छ भने तपाई बेथे सागको प्रयोग गर्नुस् ।

**कपाल फुल्ने र सेतो हुन रोक्छः** यदि तपाईको कपाल समय नपुगेरै युवाअवस्थामै फुल्ने समस्या छ भने बेथे सागले समाधान गर्नसक्छ । यो कपाल असमयमा सेतो हुनबाट रोक्न एकदमै प्रभावी उपाय हो । बेथेलाई आफ्नो आहार (खाना)मा समावेश गरे तपाई यो समस्याबाट छुटकारा पाउन सक्नुहुन्छ ।

**पत्थरीः** रिपोर्टअनुसार पत्थरी भएको छ भने बेथेको साग चालिसदिनसम्म प्रतिदिन खाएमा पत्थरी गल्छ ।


**स्तनको आकार बढाउनका लागिः** महिलाहरुले आफ्नो स्तन बढाउन चाँहेमा अरहरको दालसँग बेथेको साग पकाएर ४० दिनसम्म लगातार खानुपर्छ । जरा काटेर फाल्नु हुँदैन यो पनि पकाउनुपर्छ ।

**एनर्जी बुस्टरः** केही सब्जिहरु र अनाजहरुमा आवश्यक अमीनो एसिडको मात्रा कम हुन्छ । तर, बेथेमा लाइसिन एकदमै धेरै मात्रा हुने भएका कारण यो क्याल्सियमको अवशोषित गर्नका लागि शरीरलाई मद्दत गर्छ । यसकारण बेथे मांसपेशिको निर्माण र उर्जा उत्पादनका लागि एकदमै उपयोगी छ ।

*(एजेन्सीहरुबाट)*

पर्यटन

# भीमफेदीको प्रसिद्ध भीमसेन मन्दिर



भीमफेदीको भीमसेन मन्दिर मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका वडा नं. ६ मा अवस्थित छ । यो मकवानपुर जिल्लाको तत्कालीन सदरमुकाम पनि हो । हाल जिल्ला सदरमुकाम हेटौडा रहेको छ । भीमसेनको मन्दिर भीमफेदी बजारको मुख्य सडकसँग जोडिएको छ । पहिले यो मन्दिर भीमफेदीको पारी बजार थियो । वि.सं. २०३२ सालमा पारी बजारमा वाढी पहिरोले क्षेती पुर्‍याएपछि यस स्थानमा सारेको बताइन्छ ।

मन्दिरको वाहिरी वनौट मण्डपकार शैलीमा रहेको छ । मूलद्वारको द्वार र तोरण धातुपाताको कलात्मक बुट्टा युक्त रहेका छन् । यसका दायाँ वायाँ सामान्य ढोकाहरु छन् ।द्वारपालको रुपमा धातुका सिंह मूर्तिहरु पनि स्थापित छन् । मूलद्वारको माथि एक जोडा सिंहका मूर्तिहरु आकर्षक रुपमा रहेका छन् । मन्दिरको दायाँ गणेशको मूर्ति र वायाँ भगवतीको मूर्ति स्थापित छन् ।

मण्डपकार शैली मन्दिरको भित्री भाग चौघेरा सत्तलको रुपमा रहेको छ । गर्भगृहमा एक तह छाना युक्त सानो मन्दिर रहेको छ । सो मन्दिर भित्र आस्थाका पुञ्ज भीमसेनको पूर्णकदको सुन्दर मूर्ति स्थापित छ । यसै मन्दिरको वायाँ तर्फ भीमसेनलाई हेरिरहेको अवस्थामा पूर्ण कदकै द्रौपदीको मूर्ति पनि रहेको छ । दुवै मूर्तिहरुमा मुकुट लगाएको अवस्थामा छन् । मूर्तिमा मुद्राको माला र विविध मालाहरुले सजाइएको छ । भीमसेनको मूर्तिमा रातो वस्त्र र द्रोपदीको मूर्तिमा पहेलो वस्त्र पहिर्‍याएका छन् । भीमसेनको पृष्ठभूमिमा द्वार तोरण र फूलको लहरा युक्त रहेका छन् । यसै गरी द्रौपदीको पृष्ठभूमिमा फूलको लहरा रहेको छ । यहाँका यी मूर्तिहरु, तोरण, फूलका लहरा, चदुवा र झल्लर धातुबाट निर्मित छन् । साथै यहाँ घण्टाहरु र वत्ती वाल्ने पालाहरु पनि रहेका छन् ।

भीमफेदी भीमसेनका सम्वन्धमा प्रचलित किंबदन्ती अनुसार पाण्डवहरुले १४ वर्षको वनवास भोग्दै गरेको अवस्थामा भीमसेनहेटौडा आई पुगेका थिए । हेटौडा पुग्दा उनको हेडम्वा नामको दैत्यसँग जम्का भेट भयो । त्यहाँ ती दुई बीच संघर्ष भयो । संघर्षमा हेडम्वाको हार भयो । सो हारमा हेडम्वा दैत्यले आफ्नी वहिनीको विवाह भीमसेनसँग गराई सन्धि गरेको भनिन्छ । त्यस पछि आफ्नो बाटो लाग्ने क्रममा भीमफेदी पुग्दा कुखुरा वासेकोले त्यो रात त्यही वसेको थियो । कुखुरा बासेपछि विहान भएको मानिन्छ । दिनको समयमा हिड्न नहुने मान्यताका कारण त्यही रहेको र कालान्तरमा भीमसेनको पूजा आराधना चलेको मान्यता रहेको पाइन्छ । यिनै भीमसेनसँग सम्वन्धित घटनाको कारणले पहाडको फेदीमा रहेको सो स्थानको नाम भीमफेदी रहन गएको इतिहासमा उल्लेख रहेको छ ।

मन्दिरमा दैनिक नित्यपूजा र आरती हुने गरिएको छ । भीमसेन द्वादशीको दिन मन्दिर बाहिर धुनी जगाएर पूजा आराधना गरिन्छ । अन्य देवदेवताको जात्रा पर्व मनाए जस्तै यी भीमसेनको पनि जात्रा पर्व मनाउने गरिएको छ । यस कार्य अन्तरगत भाद्र कृष्ण नवमीको दिन रथ जात्रा गरिन्छ । जात्रा गर्ने रथमा भीमसेनको मुकुट राखी जात्रा गरिन्छ । अन्य समयमा सो मुकुट र गहनाहरु भीमसेन मन्दिरमा भीमसेनको मूर्तिसँगै राखिएको हुन्छ ।

भीमसेन मन्दिर एवं धार्मिक कृयाकलाप संरक्षण र सम्वर्द्धन गर्न यहाँ भीमसेन मन्दिर संरक्षण समिति गठन गरिएको छ । यस समितिका अध्यक्ष इश्वरमान श्रेष्ठ, उपाध्यक्ष मोहन बहादुर थापा, सचिव हिरण्यलाल श्रेष्ठ र कोषाध्यक्ष सानुमाया भुलन रहेका छन् ।  भीमफेदी एउटा प्राचीन वस्ती हो । यसैले यहाँको ऐतिहासिक महत्व रहेको छ । यहाँ सुन्दरीमाई, नारायण, बुद्ध, महादेव, सरस्वती लगायतका महत्वपूर्ण मन्दिरहरु रहेका छन् । प्राचीन समयमा काठमाण्डौबाट तराई तथा भारत जाने मुख्य मार्गमा रहेको वस्ती पनि यही हो । यसैले तत्कालीन समयमा यो भीमफेदी शहर एउटा नाकाको रुपमा प्रसिद्ध थियो ।

महत्वपूर्ण सम्पदाको रुपमा रहेको यो भीमसेन मन्दिरमा भक्तजनको भेटी वाहेक नियमित आयश्रोतको कुनै व्यवस्था छैन । स्थानीय जन-सहभागितामा संचालित यो मन्दिरमा हालै मात्र समिति गठन भएको छ । यस परिप्रेक्षमा समितिको जिम्मेवारी र दायित्व धेरै रहेको छ । महत्वपूर्ण ऐतिहासिक यस सम्पदाको सुरक्षा पनि विचारणिय रहेको छ । सम्वन्धित निकाय र स्थानीय निकायले यस सम्पदाको दिर्घकालीन योजना वनाई कार्य अगाडि बढाउनु पर्ने देखिन्छ ।

# जहाँ कुमारित्व परीक्षण गरिन्छ



**विष्णु भट्टराई**

इन्डोनेसियामा महिलालाई सेनामा प्रवेश गर्नुअघि अनिवार्य रूपमा भर्जिनिटी टेस्ट अर्थात् कौमार्य परीक्षण गरिन्छ । सरकारी सुरक्षा अंगमा प्रवेश गर्नुअघि महिलाको कौमार्य परीक्षण गर्ने नियम वर्षौं पुरानो परिपाटी हो । स्थल र नौसेनाको अतिरिक्त यस्तो परीक्षण हवाई फौजमा पनि अनिवार्य गरिएको छ । स्थानीय सरकार र सार्वजनिक सेवामा पनि यस्तो परीक्षणलाई सरकारले विस्तार गर्दै छ । यहाँ उच्च शिक्षा उत्तीर्ण गरेका १८ देखि २० वर्ष उमेरका महिलालाई सेना र प्रहरीमा भर्ना गर्नुअघि उनीहरूको कुमारित्व परीक्षण अनिवार्य मानिन्छ । सरकारको कथित परीक्षणप्रति मानव अधिकावादी संघसंस्था र कार्यकर्ताले आपत्ति जनाएका छन् ।

अवैज्ञानिक र रुढिवादी यस परीक्षणलाई विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले कडा विरोध गरेको छ । अहिलेको जमानामा कौमार्य परीक्षणको कुनै स्थान छैन, न त कुनै कानुनी सान्दर्भिकता । 'परीक्षणले महिलामाथिको चरम विभेदलाई पुनःपुष्टि गरेको छ । महिलाको क्षमतालाई कुमारित्वले मापन गर्न सक्दैन,' डब्लूएचओले भनेको छ ।

'दुई औंले परीक्षण' नाम दिइएको यस परम्परागत परीक्षणमा चिकित्सकद्वारा महिलाको योनिच्छेदन, आकार र योनिको शिथिलताबारे गहन अध्ययन गरिन्छ । यस परीक्षणपछि सुरक्षा फौजमा जागिरका लागि निवेदन दिन महिलाले यौन सम्बन्ध राखे नराखेको खुलासा हुने दाबी गरिन्छ । तर, यस परीक्षणलाई लिएर चिकित्सक र स्वास्थ्यकर्मीबीच नै तीव्र मतभेद देखिन्छ । केही चिकित्सकका अनुसार योनिच्छेदनको अवस्थाले कुमारित्वको जिज्ञासालाई खासै सम्बोधन नगर्ने र योनिच्छेदनको आकार महिला र उनीहरूको अवस्थाअनुसार फरक-फरक हुने गर्छ ।

स्वास्थ्य परीक्षणको बाहनामा महिला अधिकारको हनन भएको ह्युमन राइट वाचले जनाएको छ । परीक्षणले महिलालाई होच्याएको, दोस्रो दर्जाको नागरिक सरह व्यावहार गरेको पनि जनाइएको छ । 'परीक्षणका नाममा महिलामाथि गरिएको हिंसा तत्काल बन्द गरिनुपर्छ,' वाचले भनेको छ । परीक्षण सभ्य समाजका लागि अशोभनीय भएको वाचको भनाइ छ । कुमारित्व परीक्षण गरिएका दर्जन बढी इन्डोनेसियाली महिलाको अन्तर्वार्ता लिई परीक्षणबारे वाचले प्रतिक्रियासमेत लिएको थियो । परीक्षणका क्रममा दुईओटा औंला योनिको द्वार खोल्न प्रयोग र अर्को एउटा औंलालाई मलद्वारमा राखिएको वाचका एन्ड्रिज हारसोनकाले बताउँछन् ।

परीक्षणले सहभागीलाई निकै लज्जित र आत्मग्लानी महसुस गरेको वाचका एन्ड्रिज हारसोनकाले बताउँछन् । उनका अनुसार परीक्षणलाई धेरै जना महिलाले आफूहरूमाथिको अपमानको संज्ञा दिएका छन् । परीक्षणले आफूहरूलाई मानसिक चोट दिएको बताउँदै अन्य महिलाले सकभर यस्तो परीक्षण नगर्न सल्लाह दिएका छन् । 'वास्तवमै यो एउटा घृणित कार्य र मानसिक यातना । अब म कहिल्यै पनि यस्तो परीक्षण गर्ने छैन,' परीक्षणमा सहभागी एक महिला भन्छिन् ।

यातनापीडितका लागि अन्तर्राष्ट्रिय परिषद् (आईआरसीटी) ले पनि परीक्षणले महिलाको मानव अधिकारमाथि गम्भीर हनन भएको जनाएको छ । 'परीक्षण अन्तर्राष्ट्रिय कानुनअन्तर्गत महिलामाथि दुर्व्यवहार हो,' आईआरसीटीले भनेको छ । इन्डोनेसियमा सेनाका प्रस्तावित बेहुलाले समेत विवाहअघि कन्याको कुमारित्व परीक्षणको माग गर्ने गरेको आईआरसीटी र एचआरडब्लूले जनाएका छन्, तथापि सेनाले भने यसलाई अस्वीकार गरेको छ ।

सेनामा भर्ती हुन महिलाको कुमारित्व परीक्षण अनिवार्य भएको सेनाको सूचना विभाका प्रमुख मेजर जनरल फउड बास्या बताउँछन् । 'परीक्षण नगर्दा खराब चरित्र भएको व्यक्ति सेनामा भित्रिने खतरा हुन्छ । सेना भनेका राष्ट्रका संरक्षक हुन् । उनीहरूमा नैतिक चरित्र हुनु अपरिहार्य छ । सेना नै बदनाम भए देशको सुरक्षा कसले गर्ने ?,' बास्या तर्क गर्छन् । भर्जिनीटी टेस्ट महिलाको नैतिकता र सेनाको चरित्रसँग सम्बन्धित भएको उनको दावी छ । तर उनको भनाइप्रति विज्ञ नै असहमत छन् । साइकलिङ, रेसलिङलगायतका खेलमा सहभागी हुने महिलाको योनि सानो उमेरमा नै छेदन हुने आलोचक बताउँछन् । तरसेना भने भर्जिनटी गुमाएका उम्मेदवार सेना बन्न मानसिक रूपमा नै अयोग्य हुने दाबी गर्छन् । सेक्स गरेका महिला शारीरिक रूपमा नै कमजोर हुने सेनाको दाबी छ । तथा एचआरडब्लूले अन्तर्वार्ता लिएकी सेनाकी एक पत्नीले सेनामा नैतिकता ल्याउन पनि परीक्षणलाई निरन्तरता दिनुपर्ने बताउँछिन् ।



## महिला भर्जिन र सेनाको क्षमता एक अर्कामा प्रत्यक्ष सम्बन्ध नरहे पनि भर्जिनिटीले महिलाको नैतिकता मापन गर्ने सेनाको दाबी छ

त्यस्तै, इन्डोनेसियाली सेनाका कमान्डर महिलालाई सेनामा भर्ती गर्नुअघि उनीहरूको कुमारित्व परीक्षण नभई नहुने बताउँछन् । सेनामा उनीहरू नैतिक रूपमा गिरेका छन् वा छैनन् भन्ने पत्ता लगाउन पनि परीक्षण अपरिहार्य भएको उनको भनाइ छ । 'भर्ती गर्नुअघि कुमारित्व परीक्षण गर्नु निकै सुन्दर पक्ष हो । बरु यसलाई किन विवादित गरियो मैले बुझ्न सकेको छैन ?,' सेनाप्रमुख मोइलेडोकोको भनाइ उद्धृत गर्दै दि जार्कार्ता पोस्टले लेखेको छ । यस्तो परीक्षण आगामी दिनमा पनि निरन्तर हुने उनको भनाइ छ । भन्छन्, 'भावी दिनमा पनि हामी निरन्तर परीक्षण गर्नेछौं । किनकि सबै भन्दा महत्वपूर्ण विषय भनेको तपाईंको मानसिकता हो ।'

महिला भर्जिन र सेनाको क्षमता एक अर्कामा प्रत्यक्ष सम्बन्ध नरहे पनि भर्जिनिटीले महिलाको नैतिकता मापन गर्ने सेनाको दाबी छ । इन्डोनेसियाली सेनामा उच्च प्राज्ञिक क्षमता र शारीरिक शक्तिसँगै महिला नैतिक रूपमा पनि सशक्त हुनुपर्ने उनको जोड छ । भर्ती गर्ने भनिएका महिला भर्जिन नभए उनीहरुको मानसिक रूपमा समेत अस्वस्थ हुने उनी दाबी गर्छन् ।

वासिंगटन पोस्टका अनुसार इन्डोनेसियमा सेनामा भर्ती हुनु अघि गरिने कुमारित्वको परीक्षणलाई एउटा विशेष अभ्यासका रूपमा लिइन्छ । 'सेनामा भर्ती हुन चाहनेले नांगै बनेर आफ्नो योनि चिकित्सकलाई परीक्षण गर्न तम्तयार रहनुपर्छ । महिलाहरू कति भर्जिन छन् भन्ने सुनिश्चित गर्न यस्तो गरिन्छ,' सो पत्रिकाले लेखेको छ ।

केही मुलुकमा कानुन त र खुलेआम कुमारित्व परीक्षण गरिए पनि विरोधका कारण केही मुलुकमा भने यो संस्कार बन्द हुन थालेको छ । तर, पनि विभिन्न बाहनमा अझै पनि यस्तो परीक्षणको घटना सार्वजनिक हुने गरेको छ । उच्च माध्यामिक विद्यालयमा महिलाको भर्जिनिटी टेस्टको व्यवस्थाको माग एक राजनीति दलले गरेपछि दक्षिण अफ्रिकामा यो गरम विषय बनेको छ । किशोरीको गर्भवती दर रोक्न उसले यस्तो आग्रह गरेको हो । तर यसको व्यापक विरोध भएको छ । यसका विरोधीले परीक्षणभन्दा पनि स्वअनुशासन अपरिहार्य भएको बताएका छन् । बलात्कारबाट बाँचेकालाई दुई औंले परीक्षण गर्ने भारतीय अस्पतालविरुद्ध कुनै बेला ह्युमन राइट वाचले अभियान नै चलाएको थियो ।

सन् २००९ मा केरेलामा केही भिक्षुणीमाथि गरिएको परीक्षणलाई लिएर हजारौं महिलाले सडक तताएका थिए । राज्यको प्रायोजनमा हुने सामूहिक विवाहमा १ सय ५१ महिलाको परीक्षणपछि पनि भारतमा तीव्र विरोध भएको थियो । बेलायतमा पनि कुनै बेला यस्तै परीक्षण हुने गर्दथ्यो । भारत, बंगलादेश र पाकिस्ताबाट आएका केही आप्रवासी महिलाको भर्जिनिटी टेस्ट सन् १९७९ सम्म गरिन्थ्यो । बेलायती पुरुषसँग यसअघि नै आप्रवासी महिलाको लसपस भएको आशंकामा पनि यस्तो परीक्षणलाई सरकारले आवश्यकता ठानिएको थियो । सो अभ्यास गलत भएको यूके बोर्डर एजेन्सीले ठहर गरेपछि परीक्षणमा हाल प्रतिबन्ध लगाइएको छ ।

उता इजिप्टमा सन् २०११ त्यहाँको एक अदालतले सेनाको नियन्त्रणमा रहेका केही महिला कैदीलाई गरिने परीक्षण बन्द गर्न आदेश दिएको थियो । यसअघि त्यहाँको सेनाले नै बन्दी महिलाको गुप्तांग परीक्षण गर्ने गर्थ्यो । त्यहाँको मुख्य तहरिर चोकमा भएको प्रदर्शनमा पक्राउपछि एक महिलालाई इजिप्टको सेनाले सो परीक्षण गर्न बाध्य पारेको सार्वजनिक भएपछि अदालतले सो परीक्षणलाई गैरकानुनी घोषणा गरेको थियो ।

*एजेन्सीको सहयोगमा*

# सामाजिक रूपान्तरणमा पर्यटनको भूमिका

**– ओमप्रकाश सराफ**

विश्वमा पर्यटन व्यवसायको दायरा दिनप्रतिदिन फराकिलो हुँदै गइरहेको छ । मुलुकको आर्थिक विकासको मेरूदण्डको रूपमा स्थापित हुँदै गएको पर्यटन क्षेत्रप्रति चासो र चेतना पनि त्यति बढदै जानु स्वभाविक नै हो । नेपालको सन्दर्भमा अहिले सम्म 'भिजिट नेपाल' भन्नाले नेपालको हिमाली, पहाडी क्षेत्रका केही गन्तव्यलाई मात्रै व्याख्या गरिदै आएको छ र सोही अनुसार काठमाडौंले नीति र कार्यक्रम केन्द्रित गरिरहेको छ । 'भिजिट नेपाल' अभियान करिव बीस वर्षदेखि जारी रहे पनि तराई मधेशले त्यसको अनुभूति प्राप्त गर्न सकेको छैन ।



अन्य क्षेत्र झैं राज्यले तराई मधेशको पर्यटन प्रवर्द्धनको क्षेत्रमा पनि सन्तुलित निति रहेको छैन । तराई मधेशमा पर्यटनको प्रचुर सम्भावना रहेको छ । तराई मधेशको फरक मौसम, फरक हावापानीले यहाँ पर्यटकले नेपालको हिमाली पहाडी भूगोल भन्दा फरक अनुभूति गर्ने सक्छन् ।

तराई मधेशको संस्कृति, पहिरन, रीतिरिवाज, चाडपर्व, खानपानले पर्यटकहरूको नेपाल भ्रमणको यात्रा र अवधिलाई लम्ब्याउन मद्दत गर्छ । भारतसंग जोडिएको करिब अठार सय किलोमिटरको खुला सिमाना 'गेटवे टु नेपाल' पनि भारतीय पर्यटकलाई नेपालमा ल्याउन मद्दत गरिरहेको हुन्छ । यदि यो भारतीय पर्यटकको लागि पनि पर्यटन मैत्री वातावरण निर्माण भयो, अतिथि देवो भवःको भावनाको विकास भयो भने यसको क्रम र संख्यामा उल्लेख्य वृद्धि गर्न सकिन्छ ।

**तराई मधेसमा धार्मिक पर्यटनको गन्तव्यः**

प्रदेश नम्बर २ को बराहक्षेत्र, सप्तरीको छिन्नमस्ता भगवती, सिरहाको सलहेस, जनकपुरधामको जानकी मन्दिर, जलेश्वरनाथ मन्दिर, रौतहटको शिवनगर, बाराको गढिमाई हुँदै पर्साको गहवा माई तथा दुग्धेश्वर महादेव (भाथा बाबा) तथा नवलपुरको सिजि टेम्पललाई जोडेर धार्मिक पर्यटन सर्किट निर्माण गर्न सकियो भने यसले पर्यटनको क्षेत्रमा युगान्तकारी टेवा पुग्न सक्छ ।साथै अन्तर प्रादेशिक सम्बन्ध पनि प्रगाढ हुँदै जान्छ ।

त्यस्तै पश्चिमी तराईमा पनि अनेकौं धार्मिक पर्यटनका सम्भावनाहरूलाई प्रवर्द्धन गर्दै जानु पर्छ र यस्ता सर्किटहरूमा जोडिनुपर्छ ।

तराई मधेशमा प्राकृतिक र ऐतिहासिक धरोहरहरूले पनि पर्यटकहरूको आकर्षकको केन्द्र विन्दु बन्न सक्छ । झापाको ताल तलैयाहरू, राजवन्शी समुदायको रहनसहन, मोरङको सिमासार, सुनसरीको मनोरम एवं सफा वातावरणले पर्यटकलाई लोभ्याउने ग्यारेन्टी छ । त्यसैगरी सप्तरीको स्व.गजेन्द्र नारायण सिंहको समाधी स्थल एवं आश्रम, सिरहाको सलहेस फुलवारी, जनकपुरधामका ऐतिहासिक एवं पुरातात्विक धरोहरहरूको महत्व, बर्दिबासको नमूना मुसहर वस्ती, सर्लाहीको नाडिमन ताल, लालबन्दीको विशेष टमाटर खेती, रौतहटको चन्द्रपुरको नमूना मुसहर वस्ती, गौरको बराहवा ताल, बाराको बारा गढी, सिम्रौनगढ तथा पर्साको पर्सा गढी एवं घडिअर्वा पोखरी, पर्सा राष्ट्रिय निकुञ्ज, चितवनको राष्ट्रिय निकुञ्ज जस्ता गन्तव्यले पर्यटकहरूलाई आकर्षित गर्न उद्दत छ ।

त्यसै गरी पश्चिम मधेशमा रूपन्देही र कपिलवस्तुमा लुम्बिनीको विराट दायरा र महत्व, बाँकेका महत्वपूर्ण मन्दिर एवं तालहरू त्यस्तै बर्दिया राष्ट्रिय निकुञ्ज, दाङ उपत्यका, कैलालीको टीकापुर पार्क लगायत तालहरू कञ्चनपुरका शुक्लाफाँट राष्ट्रिय निकुञ्ज पर्यटनका मुख्य गन्तव्यहरू हुन ।

**तराई मधेशको विशेष खानाहरूः**

दालभात, रोटी, चटनी, अचार, बगिया, पुवा, फुच्का, पान, भाजा, भाका, कलैयाको सेकुवा, बरमझियाको पेडा, कटहरियाको कटियाको मासु, रौतहट राजपुरको बदमसाही, घोडी, माछा, नेपालगन्जको बिर्यानीले पर्यटकलाई फरक स्वादको अनुभूती गराउन तयार छ ।

**तराई मधेशको महत्वपूर्ण चाडपर्वः**

छठ, दिपावली, दशैं, फागुवा, समाचकेवा, झिझियाले उक्त पर्वहरूको सिजनमा छुट्टै रौनक छाएको हुन्छ । यस्ता पर्वहरू एवं महोत्सवहरूले पर्यटकहरूलाई रमाइलो र फरक अनुभूती गराउने छ । पर्यटकहरू अर्को ठाउँ वा अर्को देशमा फरक-फरक अनुभूति एवम् स्वादको लागि भ्रमणमा जाने गर्दछन् । नेपाल भूगोलमा सानै भए पनि विविधतामा धनी र ठूलो छ । नेपाल भ्रमणमा आउनेहरू तराई मधेशमा पनि भ्रमण गर्न जरूरी छ ।

# बालबालिकाहरूलाई डस्ना वितरण



**शुसिल आचार्य**


काठमाडौ । पौष ११ गते काठमाडौं जिल्लाका गोकणेश्वर नगरपालिका गोकर्णमा अवस्थित स्वास्थ्य समाज नेपालको दिवा स्याहारमा बस्ने ११ जना बौद्धिक अपाङगता भएका बालबालिकाहरुका लागि जाडो मौसममा न्यानो डस्ना वितरण गरिएको छ ।

गोकणेश्वर नगरपालिकाको बेसी गाउँमा अवस्थित मासिक १०० अभियान नामक संस्थाले सहयोग गरेको उक्त कार्यक्रममा सोही संस्थाले त्यहाँ आश्रित बालबालिकालाई खाजासमेत वितरण गरेको हो । उक्त मासिक १०० अभियान बालबालिकाका लागि सहयोग गर्न चाहने स्वयमसेवीहरुबाट सञ्चालित संस्था हो । जसले प्रत्येक महिना आफ्ना सबै सदस्यहरुबाट मासिक रु १०० उठाइ असहाय, अनाथ तथा विपन्न बालबालिकाको शिक्षाका साथै अन्य बाल हितकारी कार्यक्रममा आवश्यक सहयोग गर्दै आइरहेको छ ।

अहिले संस्थाले ५० जना विपन्न वर्गका बालबालिकाहरुको औपचारिक शिक्षाका लागि छात्रवृत्ति कार्यक्रममार्फत शैक्षिक सहयोग गरिरहेको कुरा संस्थाका अध्यक्ष संजय पोखरेलले बताएका छन् । धन नभए पनि मन भयो भने आफ्नै अगुवाइमा सबैजना एकजुट अनाथ तथा विपन्न बालबालिकाहरुको सहयोग गर्न सकिने गतिलो उदाहरण संस्थाले दिएको छ ।

प्रेरक प्रसंग

## भिक्षु र प्रार्थना



एक मजदुरकी श्रीमती बिरामी थिइन् । उनीसँग उपचार गर्नका लागि पैसा थिएन । उनलाई एक व्यक्तिले बौद्ध भिक्षु बोलाउन सुझाव दिए । बौद्ध भिक्षुले प्रार्थना गरेपछि सबै ठीक हुने आशामा ती मजदुरले आफ्नो झुपडीमा भिक्षु बोलाए । भिक्षुले आसन ग्रहण गरेपछि सकल जगतका प्राणीका लागि प्रार्थना प्रारम्भ गरे । 'सबैको मंगल होस सबैको कल्याण होस् । सबै खुसी रहून् । सबै निरोगी हुन् । सबैको दुःख टाढा रहोस् ।' 'रोक्नुहोस्' ती मजदुरले बीचैमा बोले- मैले आफ्नी श्रीमतीका लागि तपाईंलाई बोलाएको हुँ । तर तपाईं किन सबै बिरामीका लागि प्रार्थना गर्दै हुनुहुन्छ ?' उनले सोधे । मैले तिमी पत्नीका लागि पनि प्रार्थना गरिरहेकी हुँ- भिक्षुले भने ।

'हो तर तपाईं अरुका लागि प्रार्थना गर्दै हुनुहुन्छ । यसरी त तपाईंले मेरो दुष्ट छिमेकीको पनि मद्दत गर्दै हुनुहुन्छ । जो बिरामी छ । म चाहन्छु उसलाई कहिल्यै ठीक नहोस् । तिमीले प्रार्थना र रोग मुक्तिका बारेमा केही जानेका छैनौ । भिक्षुले उठ्दै भने- सबैको कल्याणका लागि प्रार्थना गर्दा मेरो प्रार्थना ती करोडौं मानिससित समाहित हुनेछ, जो आफ्नो परिवारको स्वास्थ्यका लागि प्रार्थना गरिरहेका छन् ।

सबैको प्रार्थना एक अर्कासँग मिलेर विराट चेतनायुक्त हुन्छ र त्यसले सबैको हित गर्छ । केवल आफ्नो हितका लागि मात्रै गरिएको प्रार्थनाले आफ्नो शक्ति घटाउँछ र आफैलाई कमजोर बनाउँछ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका आफन्तहरू नजिकिन सक्छन् । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । साँझतिर लेखन तथा सिर्जनात्मक काममा रुचि बढ्नेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

### बृष

अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुनेछ । भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । खर्च लागे पनि लामो यात्रा सम्भावना छ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । साँझतिर आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ ।

### मिथुन

आम्दानीका स्रोत सबल देखिए पनि परिस्थितिवश खर्च बढ्नेछ । नपुग रकम कर्जामार्फत जुटाउनुपर्ने हुन सक्छ । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातलागी हुन समय लाग्नेछ । व्यापार बढे पनि लाभांश कमजोर हुने देखिन्छ । साँझतिर फजुल खर्च बढ्नाले चिताएको कामलाई रकम अभाव हुनेछ । केही खर्च लागे पनि देश-विदेश घुम्ने अवसर प्राप्त हुन सक्छ ।

### कर्कट

प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला । अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व हातलागी हुनेछ । साँझतिर श्रमको उचित मूल्यांकन हुनेछ भने प्रतीक्षा गरिएको काम बन्न सक्छ । व्यापारमा प्रशस्त फाइदा हुनेछ ।

### सिंह

परिस्थितिवश काममा अलमल हुनेछ भने प्रतीक्षित नतिजासमेत कमजोर देखापर्नेछ । कामको चाप र जिम्मेवारी बढ्नेछ भने आत्मबलमा कमी आउन सक्छ । अवसरवादीहरूले आफ्ना कमजोरीबाट फाइदा उठाउने चेष्टा गर्नेछन् । अप्ठ्यारो स्थितिमा धैर्यले काम लिने चेष्टा गर्नुहोला । साँझतिर शुभचिन्तकहरूको साथ जुट्नाले काम बन्नेछ । समय लागे पनि नाम र दाम प्राप्त हुनेछ ।

### कन्या

कामको चाप बढ्नेछ भने एक पटक बनिसकेको काम फेरि दोहोर्‍याउनुपर्ने हुन सक्छ । अवसरको खोजीमा निकै दौडधुप गर्नुपर्ला । शरीरमा कमजोरी अनुभूति हुनेछ । समस्या दर्साउँदा शुभचिन्तकहरूले साथ दिनेछन् । काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ हुनेछ । अप्ठ्यारो स्थितिमा धैर्यले काम लिने चेष्टा गर्नुहोला ।

### तुला

प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । बोली-व्यवहारमा अलि सजग रहनुपर्ला । हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ । नियमित काममा साविकजस्तै फाइदा भइरहनेछ । क्षणभरको मनोरञ्जन कालान्तरमा अभिशाप बन्न सक्छ । साँझतिर स्वास्थ्यमा कमजोरी देखिनाले चिताएको काम अवरुद्ध बन्न सक्छ ।

### बृश्चिक

प्रतिस्पर्धामा उत्रनुपरे पनि विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे लाभ हुनेछ । भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम सुरु हुनेछ । परिस्थितिको अनुकूलताले प्रतिष्ठा जोगाउन सफल भइनेछ । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । यात्राको प्रक्रिया अघि बढ्नेछ । पुरुषार्थी काम सिद्ध गर्ने समय छ । साँझतिर प्रियजनसँग भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

### धनु

कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुने देखिन्छ । आफ्नै कमजोरीले लक्ष्यमा पुग्न समय लाग्नेछ । राम्रो नतिजा हातपार्न काम दोहोर्‍याउनुपर्ने हुन सक्छ । अरूको भरले मात्र आफ्ना काम पूरा नहुन सक्छन् । अध्ययनका लागि आजको दिन त्यति उपलब्धिमूलक नभए पनि व्यावसायिक कर्मले गति लिनेछ । साँझतिर रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

### मकर

जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्‍याउँदा दुःख पाइनेछ । समयमा निर्णय लिन नसक्दा काम बिग्रन सक्छ । बेसुरको वचनले अप्ठ्यारो पार्न सक्छ । अरूको फाइदाका लागि उपयोग भइएला । मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला । परिवारजनको सहयोगले काम बनाउन सकिनेछ । साँझतिर चिताएका काम सम्पादन हुनेछन् । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

### कुम्भ

कुशल व्यवहार र विचारले अरूलाई आकर्षित गर्न सकिनेछ । सानो प्रयासले नाम, दाम र इनाम दिलाउन सक्छ । सार्वजनिक रूपमा मान-सम्मान प्राप्त हुने सम्भावना छ । अध्ययनमा प्रगति हुनेछ भने अभिव्यक्तिकलामा निखारता आउनेछ । साँझतिर काम बन्नाले आम्दानीका स्रोत थपिनेछन् । पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ । व्यापार-व्यवसायमा मनग्गे धनलाभ हुनेछ ।

### मीन

तार्किक क्षमता बढ्नेछ भने मिहिनेतले लक्ष्यमा पुर्‍याउन सक्छ । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्न सकिनेछ । आज लक्ष्मीको कृपा प्राप्त हुनाले मनग्गे धन लाभ हुनेछ । व्यापारमा लाभांश बढ्नाले मन उत्साहित हुनेछ । आवश्यक भौतिक साधन जुट्नेछन् । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

# पृथ्वीनारायणले बनाएको नेपाल विखण्डित नबनाऔं

काठमाडौं । देश विदेशका विभिन्न ठाउँमा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको २९७ औं जन्म जयन्ती तथा राष्ट्रिय एकता दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । काठमाडौंको बुढानिलकण्ठमा नेशनल मुभमेण्ट र नागरिक समाजको आयोजनामा एक कार्यक्रम सम्पन्न भएको छ । बुढानिलकण्ठ नगरपालिकाका मेयर श्री उद्धव खरेलको प्रमुख आतिथ्यतामा सो कार्यक्रम भएको थियो ।

प्रमुख आतिथिको वक्तव्य दिँदै नगर प्रमुख खरेलले पृथ्वीनारायण शाहले बाइसेचौबीसे राज्यलाई एकिकरण गरेर नेपाल नबनाइदिएको भए अहिले हामीले नेपाली भन्न पाउँथ्यनौं । कसैले भने पनि नभने पनि हामीले पृथ्वीनारायण शाहलाई भुल्दैनौं, उहाँको योगदानको कारणले हामी अहिले गर्वका साथमा नेपाली हुन पाएका हौं भन्नु भएको छ । इतिहास भुल्न नहुने कुरामा उहाँको जोड थियो । पृथ्वी नारायणका दिव्योपदेशहरू हामीले मनन् गर्नुपर्छ त्यसले भावी पुस्तालाई पनि मार्गदर्शन गर्न मद्दत मिल्छ मेयर खरेलको धारणा थियो ।

नेशनल मुभमेण्टका अभियन्ता पदमराज पाण्डेले नेपालीले पृथ्वीनारायण शाहलाई बिर्सने हो भने नेपालमा सम्झन लायक अरु कोही पनि नभएको बताए । यदि अन्य व्यक्तिहरूलाई सम्झनु पर्छ भने त्यहाँ सबैभन्दा पहिला पृथ्वीनारायण शाहलाई सम्झनुपर्छ, पाण्डेको धारणा थियो । विश्वभर वीर गोरखालीको पहिचानले नेपाली चिनिनुको पछाडि पृथ्वीनारायण शाहको देन रहेको, चारजात छत्तिसवर्णको साझा फूलबारी भन्ने उहाँको दिव्योपदेश जस्तो समावेशी नीति अरु कुनै नभएको पाण्डेको भनाई थियो ।

सशस्त्र प्रहरीका पूर्व एआइजी रोहित थापाले पृथ्वीनारायणले एकिकरण गरेको नेपाल अहिलेको भन्दा विशाल थियो, उनले देशको एकिकरण मात्रै गरेका होइनन् कि सधैं एकिकृत रहिरहोस् भन्ने हेतुले दिव्योपदेश पनि दिएर छोड्नु भएको हो । देश बिगार्ने भनेको घुस लिने र दिने दुवै हुन् यिनको त जिऊ नै लिए पनि पाप लागन्या छैन भन्ने उहाँको उपदेशलाई जनताले चरितार्थ गर्न पर्ने बेला आएको बताउनु भयो । कार्यक्रममा विश्वजित देउजालगायतले मन्तव्य तथा कविता वाचन गरेका थिए ।

सरकार एवं मन्त्रीकै पक्षबाट भ्रष्टाचार मौलाएर जाने, देशमा हत्याहिंसा, बलात्कार जस्ता घटना दिनानुदिन बढ्दै जाने भइरहेको स्थितिमा पृथ्वीनारायण शाहको जन्मजयन्तीको सन्दर्भ जुट्न जाँदा धेरैले उनको दिव्योपदेशको साथमा उनलाई सम्झना गरे । भ्रष्टाचार, हत्या, हिंसा, बलात्कार, अत्याचार, गुण्डागर्दी जस्ता कामलाई पेशा बनाएको सरकार तथा राजनीतिक क्षेत्रले पृथ्वी नारायणको जयन्ती तथा दिव्योपदेशलाई बेवास्ता गरे पनि नागरिकको तर्फबाट भने आस्था बढ्न थालेको पाइएको छ ।

# कृषि पर्यटन चितवन समृद्धिका आधार

काठमाडौं । आइएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्रप्रसाद ढकालले १२ औं चितवन महोत्सवलाई विशिष्ट अतिथिको रुपमा चितवनस्थित नारायणी नदी किनारमा बुधबार सम्बोधन गर्नुभएको छ ।

महोत्सवलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले चितवनलाई पहिला ७६ औं जिल्लाको रुपमा लिइने गरिएको उल्लेख गर्दै यस्ता मेला महोत्सवले स्थानीय उत्पादनलाई चिनाई स्थानीय नागरिकको आर्थिक उपार्जन बढाउन भूमिका खेल्ने उल्लेख गर्नुभयो ।

प्राचीन ऋषिहरुको तपस्यास्थल देवघाटलाई केन्द्र बनाएर धार्मिक पर्यटनको प्रवर्द्धन गर्न सकिने सम्भावना औंल्याउँदै जंगली जनावरको मुख्य वासस्थान सौराहामा आउने विदेशी पर्यटकहरुको बसाई लम्ब्याउन चितवन र चितवन आसपासका सम्भावित पर्यटकीय क्षेत्रहरु नगरबन, मौलाकाली, देवघाट जस्ता क्षेत्रहरुमा सुविधासम्पन्न पर्यटकीय पूर्वाधारहरु जलमार्ग, स्थलमार्ग, केवलकार र होटलहरुको निर्माण गरि समग्र पर्यटन उद्योग र स्थानीय रोजगारीमा चितवनले महत्वपूर्ण योगदान दिन सक्छ भन्नुभयो । चितवनमा उत्पादन हुने कृषि उपजको उचित भण्डारण, केरा, तरकारी, दूध, मह र कुखुराको उत्पादनलाई वितरण गर्ने बजारको खोजी गरि यहाँका स्थानीय कृषकहरुको आर्यआर्जनलाई बढाउन सकिने भन्दै चितवन शिक्षाको हबको रुपमा समेत विकसित हुँदै गएकोमा प्रशन्नता व्यक्त गर्नुभयो ।

सम्माननीय पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को प्रमुख अतिथ्यमा सम्पन्न उदघाटन कार्यक्रममा प्रदेश नं ३ का माननीय मन्त्रीज्युहरु, स्थानीय जनप्रतिनिधिहरु, सार्क चेम्बरका उपाध्यक्ष चण्डीराज ढकाल लगायत विभिन्न उद्योगी व्यवसायीहरुले सम्बोधन गर्नुभएको थियो । पुस २५ गतेदेखि माघ ४ गतेसम्म १० दिन संचालन हुने १२ औं चितवन महोत्सवलाई आईएमई ग्रुप र ग्लोबल आईएमई बैंकले सह-प्रायोजन गरेका छन् । सन् २००१ मा स्थापना भएको आइएमई ग्रुपले रेमिटेन्स, बैंकिङ्ग, सूचना-प्रविधि, उर्जा, पर्यटन, अटोमोटिभ, इन्स्योरेन्स, ट्राभल, इन्फोटेन्टमेन्ट, हस्पिट्यालीटी लगायतका विभिन्न क्षेत्रमा लगानी विस्तार गर्दै मुलुकभित्र रोजगारीका अवसर सिर्जना गर्दै आइरहेको छ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Unruly = अनियन्त्रित To control the unruly mob, police used tear gas (अनियन्त्रित भीडलाई नियन्त्रणमा ल्याउन प्रहरीले अश्रुग्यास प्रयोग गर्‍यो)

Vitreous = शिशासँग सम्बन्धित Some plastics have vitreous quality (केही प्लास्टिकहरू शिशाकै गुणस्तरका हुन्छन्)

Worldy = सांसारिक Every one has to leave once worldy goods behind (हरेकले एकपटक सांसारिक वस्तु त्यागेर हिंड्नै पर्दछ)

Appropriate = विनियोजन गर्नु, प्राप्त गर्नु A large sum has been appropriated for the purchase of ammunition (हात हतियार किन्नको लागि भनेर ठूलो रकम विनियोजन गरिएको छ)

Brittle = कडा तर सजिलै फुट्ने These glasses are brittle, handle them with care (यी ग्लासहरू सजिलै फुट्ने हुँदा होस पुऱ्याएर यसको प्रयोग गर)

Converge = जम्मा हुनु, भेला हुनु Leaders from all over the world have converged on South Africa to take part in Earth Summit (विश्वका नेताहरू पृथ्वी सम्मेलनमा भाग लिनका लागि दक्षिण अफ्रिकामा भेला भएका छन् )

Disparage = कम मूल्यांकन गर्नु ( belittle) He always wants to disparage the talents of his son (ऊ आफ्नो छोराको जेहेनदारितालाई कम मूल्यांकन गर्न गर्दछ)

Exuberant = मनमोहक, अति आनन्दपूर्ण, अति रमाइलो The meeting was not boring because the master of ceremony was quite exuberant (समारोह संचालक ज्यादै रमाइलो भएको हुँदा बैठक कहिले सकिएला भन्ने जस्तो अनुभव भएन)

Frolicsome = ठट्टा गर्ने, रमाइलो पाराको The frolicsome puppy tried to lick the face of the master (हँसिलो कुकुरको छाउरो उसका मालिकको मुख चाट्न खोज्छ)

Grudgingly = अनिच्छा दर्शाउदै The management hiked the salary of the employees grudgingly (व्यवस्थापनले अनिच्छा दर्शाउँदै कर्मचारीहरूको वेतनमा वृद्धि गऱ्यो)

# सामान्य ज्ञान (प्रश्नोत्तर)

**भूमध्यसागरको साँचो कुन देशको भौगोलिक उपनाम हो ?**

■ जिब्राल्टर

**दूरबिनको आविष्कार गर्ने व्यक्ति को हुन् ?**

■ ग्यालिलियो

**गोल्डकोस्ट देशको नया नाम के हो ?**

■ घाना

**अन्तारा कुन देशको समाचार समितिको नाम हो ?**

■ इन्डोनेसिया

**प्रशान्त महासागरको क्षेत्रफल कति छ ?**

■ ६,२९,८७००० वर्गमाइल

**टिबी रोगका किटाणु कसले कहिले पत्ता लगाएका हुन् ?**

■ जर्मन, डा.रबर्ट कक, सन् १९८२

**आध्यारो महादेश कुन देशको भौगोलिक उपनाम हो ?**

■ अफ्रिका

**अफ्रिकाको समशितोष्ण तृण भूमिलाई के भनिन्छ ?**

■ बेल्ड

**मानिसको केशलाई कालो र सुन्दर पार्ने तत्वको नाम के हो ?**

■ मेलानिन

**'हिज हाइनेस' को उपाधि पाउने पहिलो नेपाली को हुन् ?**

■ केशर शमशेर

**नेपालमा कहिलेदेखि कम्प्युटरको प्रयोग हुन थाल्यो ?**

■ वि.सं. २०२८

**नेपाल विफर मुक्त देश कहिले घोषित भएको हो ?**

■ वि.सं. २०३५ साल वैशाख १ गते

# Put बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Put something up= माथि उठाउनु Put your hand up if you want to ask something यदि तिमी केही कुरा सोध्न चाहन्छौ भने हात उठाऊ ।

Put up at = खान बस्न पाउनु The put up at one family for the night तिनीहरु एक परिवारले रातभरका लागि खान बस्न पाए ।

Put oneself up for something = उम्मेदवारी दिनु She is putting herself up for the presidency तिनले अध्यक्ष पदमा उम्मेदवारी दिँदै छिन् ।

Put somebody up for something =हौस्याउनु, उत्साह दिनु, अघि बढाउनु To lead this project we want to put you up यो परियोजनाको नेतृत्व गर्न हामी तिमीलाई अघि बढाउन चाहन्छौं ।

Put somebody up doing something = गैरकानुनी तथा अनैतिक काम गर्न कसैलाई उक्साउनु I do not know that my son ever smoked before, somebody must have put him up to smoke मेरो छोराले चुरोट खाएको अहिलेसम्म मलाई थाहा छैन । कसैले उसलाई खान उक्साएको हुनुपर्छ ।

Put up with somebody = कसैप्रति सहिष्णुता देखाउनु, व्यहोर्नु Her husband is cruel, it is difficult to believe how she puts up with him उनको श्रीमान निर्दयी छ । तिनले उसलाई कसरी बेहोरेकी होलिन् भनेर विश्वास गर्नै गाह्रो छ ।

Put up with something = कुनै वस्तुप्रति सहिष्णुता देखाउनु, व्यहोर्नु He is quite clean and tidy so he does not want to put with such dirty environment ऊ बिलकुल सफा मान्छे हो । त्यसैले उसले आफूलाई यस्तो फोहोर वातावरणप्रति सहिष्णुता देखाउँदैन होला ।

Put upon = शोषणमा पर्नु In the beginning everything was okay but now I feel like putting upon शुरुमा त सबै कुरा ठीक थियो तर अहिले भने म शोषणमा परेँ कि भन्ने अनुभव गर्दै छु ।


## सुडोकु-अंक १३४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | | ६ | | | ४ |
| | | | ४ | | | | | |
| | ६ | | | ९ | २ | ३ | | |
| ६ | | ५ | २ | | | ८ | १ | |
| | ९ | | | | | | २ | |
| | १ | ८ | | | ९ | ४ | | ६ |
| | | ९ | ३ | १ | | | ७ | |
| | | | | | ८ | | | |
| १ | | | ७ | | | | | ८ |

## अंक १३३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ९ | ८ | २ | ५ | ४ | ७ | १ | ६ |
| ४ | ७ | २ | ९ | ६ | १ | ५ | ३ | ८ |
| ५ | १ | ६ | ७ | ३ | ८ | २ | ४ | ९ |
| १ | २ | ७ | ८ | ४ | ३ | ९ | ६ | ५ |
| ९ | ४ | ३ | ५ | २ | ६ | १ | ८ | ७ |
| ८ | ६ | ५ | १ | ७ | ९ | ३ | २ | ४ |
| २ | ३ | ४ | ६ | ९ | ७ | ८ | ५ | १ |
| ६ | ८ | ९ | ३ | १ | ५ | ४ | ७ | २ |
| ७ | ५ | १ | ४ | ८ | २ | ६ | ९ | ३ |

# भ्रष्टाचार आजको संस्कृति










NATIONAL

## Nepal ranked as third most corrupt country in SAsia

- SAMIPA KHANAL, Kathmandu







ओमविक्रम राणा : २ वर्ष कैद र ५० हजार जरिवाना



हेमबहादुर गुरुङ : १ वर्ष कैद र ४० हजार जरिवाना



रमेश चन्द ठकुरी : १ वर्ष कैद र ४० हजार जरिवाना

भ्रष्टाचार हुने सबैभन्दा ठूलो तर सजिलो स्थान मन्त्रिपरिषद हो । मन्त्रिपरिषदबाट गरिएका निर्णयमा अख्तियार आकर्षित गर्न वा भ्रष्टाचारको मुद्दत लगाउन कानूनतः बन्देज छ । यही कानुनी आधारमा टेकेर नेताहरु नीतिगत निर्णयहरु मन्त्रिपरिषद्मा गर्छन् । गराउँछन् । आफ्ना कार्यकर्तालाई विभिन्न बहानामा खर्च दिएर निर्वाचनमा आफू विजयी हुने विधि समेत मन्त्रिपरिषद्बाट निकालिन्छ । नेपालमा अधिकांश सयम संयुक्त सरकार भएका कारण कुनै मन्त्रीलाई कुनै खास निर्णय गराउनु परे उसले सरकार ढाल्ने धम्की दिएर पनि यस्ता निर्णय गराएर अर्बौं घोटाला गरेका छन् । बर्षैपिच्छे सरकार परिर्वतन हुने भएकाले भ्रष्टाचार गर्न चाहाने हरेक व्यक्ति कुनै न कुनै माध्यमबाट सरकारमा छिर्न सक्ने वातावरण बनेको छ । त्यसमाथि राजनीतिक दलका शीर्ष नेताहरुले पनि यस्ता नीतिगत निर्णयमार्फत आफ्ना दल र कार्याकर्तालाई फाइदाहुने भएपछि यस्ता निर्णय सजिलै हुने गरेका छन् ।

आज देशमा खासगरी राजनीतिक र नीतिगत तहमा व्याप्त भ्रष्टाचारले र देशलाई पुऱ्याएको घात पुऱ्याएको छ । सदाचारका कुरा गर्छौं, अनि भ्रष्टाचारको विरोधमा नारा उचाल्छौं । भ्रष्टाचारको बारेमा खुब कुरा गर्छौं । कानूनको जिकिर गर्छौं , न्यायको कुरा गर्छौं । गणतन्त्र, प्रजातन्त्र भन्छौं । समाजवादको कुरा गर्छौं । आन्दोलन, विद्रोह र क्रान्तिकासम्म पनि कुरा गर्न भ्याउँछौं । समन्यायको लागि मरि मेट्ने कुरा गर्छौं । सामाजिक न्यायको कुरा पनि । पत्रकार ,लेखक, बुद्धिजीवि, प्राज्ञा को को हो के के हो ?

नैतिकताका प्रश्नै प्रश्न । सदाचारको प्रश्न । हिमवत्स खण्डमा बसेका छौं । जीवन बुझेका छौं । मृत्युसँग परिचय छ । संघर्ष गरिरहेछौं पाइला पाइलामा । राष्ट्रको लागि आवाज उठाइरहेका छौं । मन उडिरहेको छ । मसितष्कमा द्वन्द अन्तरद्वन्द छ । बुद्धदेखि लिएर प्रचण्डसम्म छौं । मुन आमालाई देवी मानेर पवित्र वाइन लिएर बसी राखेका छौं ।

ती भ्रष्टाचार, त्यत्रो काण्ड हुँदा त्यही दलका नेता कार्यकर्ता बोलेनन् । कयौं स्थितिमा विपक्षीहरु पनि मौन बसे । जनता कराए, चिच्याए तर तिनको आवाज सुन्नुपर्ने नेताहरुले त्यो सुनेनन् । भ्रष्टाचारलाई सामान्य मान्दै जाने मनोविज्ञानको विकास भयो । त्यसले बिना मेहनत पैसा कमाउनेलाई पनि सहजै समाजले स्वीकार गर्न थाल्यो । परम्परागत शासक वर्गले गलतगरेका कारण परिर्वतनको आवाज लिएर आउने जनप्रतिनिधिहरु नै ।

अविकसित देशमा बेरोजगार र अर्धबेरोजगार राजनीतिक कार्यकताहरु आफ्नो पार्टी र नेतामा आश्रित हुन्छन् । आफ्नै पेसा, व्यवसाय नगर्ने, पार्टी तथा नेतामा आश्रित हुने कार्यकर्ताहरुको भरष पोषण गर्नुपर्ने दायित्व बोक्नुपर्दा राजनीतिक दल तथा तिनका नेताहरुले भ्रष्टाचारजन्य क्रियाकलापमा आफै संलग्न हुनेलाई संरक्षण गर्नुपर्ने बाध्यता रहने समाजशास्त्री फिलिपको निष्कर्ष छ ।

कार्यकर्ताहरु राजनीतिक भ्रष्टाचारमा संलग्न हुने दुई धार छन् । प्रत्यक्ष संलग्नताको धार । यसले कार्यकर्ताको राजनीतिक व्यक्तित्वको स्वकीय सचिवका रुपमा काम गरेर वा सार्वजानिक नियुक्त लिएर प्रत्यक्ष रुपमा अनियमितता गर्न सक्ने स्थानमा आफै संलग्न हुन्छन् । नेपालका हालसम्म पिए वा स्वकीय सचिवका लागि कुनै योग्यता आवाश्यक नपर्ने र कस्तो मानिसलाई नियुक्त गर्ने भन्ने आधारसमेत नभएका कारण विकृति बढ्दो छ ।

अर्को नेतामा आश्रित धार । यस धार अर्न्तगतका कार्यकर्ताहरु आफै स्वकीय सचिव वा सार्वजानिक नियुक्ति पाउने हैसियत राख्दैनन् । र आफ्नो घर व्यवहार चलाउन नेता तथा मन्त्रीमा आश्रित रहेका छन् । यिनीहरुले मुख्य गरी पाँच किसिमका कामका लागि दबाब दिने काम गरेका छन् । प्राथमिताका आधारमा पहिलो गाँस, बास, कपास, स्वास्थ्य, शिक्षाजस्ता आवश्यकता पुरा गर्न रकम माग गर्छन् । दोस्रोमा म आफै गरिखान्छु रोजगारी देउ भनी दबाब दिने गर्छन् । तेस्रोमा , ठेक्कापट्टा र आयात-निर्यातका लागि प्रशासनमा आफ्नो अनुकूल व्यवस्था मिलाउन र प्रहरीमा रहेको मुद्दा मिलाइदिन दबाब दिन्छन् । चौथो, आफन्तलाई कमाई हुने कार्यालय तथा स्थानमा सरुवाका लागि दबाब दिन्छन् भने पाँचौमा , सार्वजचक चासो र सरोकारका काम र विकास निर्माणका काममा बजेट दिन दबाब दिने गर्छन् ।

व्यक्तिको चाहाना, लोभ, मोह, सबै सामाजिक संरचनाको उपज हो । हामी कस्तो सामाजिक संस्कार, रीतिरिवाज र मूल्यमान्यतामा रहेका छौं भन्ने कुराले हाम्रो सोचाई, बुझाई र चाहाना निर्माण गर्छ । भ्रष्ट व्यवहार पनि सामाजिक संरचनाको उपज हो । नेपाली समाज पैसालाई अत्यन्तै महत्व दिने, शक्तिलाई अत्यन्तै आदार गर्ने, त्यस्ताको गलत व्यवहारलाई पनि पचाउने र औला नठड्याउने भएकाले भ्रष्टाचार फैलिने मौका पाइरहेको छ । आर्दशलाई भन्दा पैसालाई महत्व दिने सामाजिक मूल्य मान्यताका कारण समाजमा भ्रष्टाचार र अनियमितताले जरो गाडेको छ ।

ठूलो बन, सम्पन्न बन् भन्ने सामाजिक मूल्य मान्यताले भ्रष्टाचार बढाइरहेको छ । पहिलो, धर्मका आडमा बनेका सामाजिक मूल्यमान्यता । जस्तैः धनकी देवी लक्ष्मीलाई विशेष चाडका रुपमा दीपावली मनाएर खुसी पार्ने प्रयास गरिन्छ । दोस्रो, संस्कार र संस्कृतिको जगमा निर्माण भएका सामाजिक मूल्यमान्यता । जस्तैः मान्यजनले आफूभन्दा सानालाई टीका लगाइदिँदा 'धेरै पैसा कमाएस' , 'ठूलो घर बनाएस्' भनेर दिने आर्शिवादबाट बालबालिका ठूलो भएपछि पैसा कमाउने बाहेक अरु कुरा सोच्दैनन् । तेस्रो, उत्पादन प्रणालीको स्थापित गरेका मूल्य मान्यता । प्रत्येक काम गर्न पैसा भए सम्भव हुने, नत्र नसकिने अवस्था छ ।

राजनीतिक भ्रष्टाचारमा परिवार र नातेदारको भूमिका तीन धारमा देखिन्छ । पहिलो, अदृश्य धार । यसमा राजनीतिक नेता र पदाधिकारीहरुका परिवारका सदस्य तथा नातेदारहरुले आफन्तले पद र शक्तिको दुरुपयोग गरेरै भएपनि पैसा कमाउन र आफ्नो आर्थिक उन्नतिकालागि दबाब दिने गर्दछन् तर यिनीहरु सार्वजनिक रुपमा देखिँदैनन् । दोस्रो, अर्धदृश्य धार । यसमा परिवार वा आफन्तहरु पीएका रुपमा नियुक्त भई भ्रष्टाचारमा संलग्न हुन्छन् । तस्रो, दृश्य धार । यसमा राजनीतिक अधिकारीहरु तथा दलका नेताहरुको आडमा सार्वजनिक पदमा नियुक्त भई आफै भ्रष्टाचारमा संलग्न हुन्छन् ।

२०५२ सालपछि नेपाल धेरैजसो समय संक्रमणकालमा नै रह्यो र अहिले पनि नयाँ संविधानको पूर्ण पालना नभई सकेको अवस्थामा हामी त्यही अवस्थामा छौं । यो संक्रमण कालको फाईदा उठाएर शासन सत्ताले जनविरोधी निर्णय तथा भ्रष्टाचार गऱ्यो ।

समाजशास्त्र भन्छ- सामाजिक संरचनाले व्यक्तिको चाहाना, भावना, स्वार्थ, लोभ, मोह सबै कुराको निर्माण गर्छ । आज व्यक्ति जस्तो छ त्यो यही समाजको उत्पादन हो । यही समाजिक संरचनाको प्रभाव हो । शिक्षा तथा स्वास्थ्य महत्वपूर्ण सामाजिक संरचना हुन् ।

लोकतन्त्रमा चुनाबाट चुनिएका जनप्रतिनिधिहरुले नागरिकहरुको हितकालागि काम गर्नुपर्ने सर्वमान्य सिद्धान्त हो । नागरिकहरुको आधारभूत आवश्यकता पूरा गर्नेदेखि राष्ट्रको आर्थिक सामाजिक उन्नतिहुने नीति, नियम र कानुन निर्माण गर्नु सांसदहरुको कर्तव्य हो । तर पार्टीको , माफियाको तथा खुद आफ्नै निहित स्वार्थका कारण सांसदहरुले जनहित विपरित कानुन निर्माण गरी खुलेआम भ्रष्टाचार गरिरहेका छन् । राज्यले हरेक एकाईमा दलीय भागबण्डाले जरा गाडिसकेको छ । संस्थान प्रमुख उपकूलपति, राजदूत नियुक्तिदेखि न्यायाधीश नियुक्तसम्म दलको झण्डा बोकेका आधारमा नियुक्त भइरहेको छ । त्यसरी नियुक्त हुने अधिकारीहरुले निश्चय नै आफूलाई नियुक्त गर्ने दलको फाइदाकोलागि काम गर्ने निश्चित छ ।

महान्याधिवक्ता कार्यालयको रिर्पोटअनुसार अहिले अदालतमा भ्रष्टाचारसँग सम्बधित १२ सय बढी मुद्दा चलिरहेका छन् । राजनीतिक संरक्षणका कारण ती मुद्दाको फैसला ढिला भएको र त्यसका लागि छुट्टै भ्रष्टाचार सम्बन्धी अदालत गठन गरिनुपर्ने सुझाव उक्त कार्यालयले दिएको छ । राजनीतिक दलका इच्छाशक्तिको अभावका कारण अदालत गठन ढिला भएको मात्रै छैन, ती मुद्दाको पेसी सहिरहनुमा आफ्ना नेता, कार्यकर्ता र आफ्ना दललाई आर्थिक सहयोग गर्ने व्यवसायी पलान् । भन्ने चिन्ताका कारण अदालत माथि प्रभाव पर्ने प्रयास भइरहेको छ । हामी पदमा बस्नेले जे पनि पाउँछौं, पदमा नबस्ने निरीह जनता फुस्राकोफुस्रै न यहाँ कानून छ, न सुबुद्धि छ न यहाँ विवेक छ । सतीले सरापेको देश हो यो । यहाँ भीमसेन थापा रेटिएको छ । बलभद्र र अमरसिंहको हार्छन् यस्तै छ देशको हाल ।

*साभार : बिशाल नेपाल*

## न्यायाधीशहरू...

उन्मुक्ति दिएपछि अदालतका अध्यक्ष न्यायाधीश बाबुराम रेग्मी न्यायाधीशद्वय चण्डीराज ढकाल र नारायणप्रसाद पोखेल गम्भीर शंकाको घेरामा परेका छन् । यिनै तीन न्यायाधीशको संयुक्त इजलासले पाण्डेलाई यस्तो सुविधा दिएको हो ।

अख्तियारले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेपछि पाण्डे लुकेर बसेका थिए । अख्तियारको फरारसूचीमा रहेका उनी बुधबार विशेष अदालतमा उपस्थित भएका थिए । पाण्डेलाई हाजिर हुन अदालतले १५ दिनको समय दिएको थियो । अदालतले दिएको समयभित्रै उनी हाजिर भएका हुन् । अख्तियारले उनीमाथि बिगो दाबीसहित २ वर्ष जेल सजाय समेत माग गरेको थियो । पाण्डे राजधानीमै छिपेर बसेका थिए तर अख्तियारले उनलाई पक्राउ गरेको थिएन । अख्तियारले विशेष अदालतमा दर्ता गरेका मुद्दामा प्रायशः कमजोर देखिँदै आएको छ । न्यायाधीशहरुलाई आर्थिक प्रलोभनमा पारेर पाण्डे साधारण तारेखमा त छुटे सफाइ नै पाउने सम्भावना बढेको छ ।

## फेरि संविधान...

संविधान संशोधनको प्रस्ताव फेरि संसदमा लगियो । ५ भदौमा त्यसमाथि संसदमा मतदान भयो र बहुमतले संशोधन प्रस्ताव अस्वीकृत भयो । संविधान संशोधनको किचलोको बिट संसदले मारिसकेपछि यसलाई पुनः उठान गर्नु अलोकतान्त्रिक शैली हो । तर राजपा फेरि संशोधनको लफडा झिकिरहेको छ । देशलाई अस्थिरतातर्फ धकेल्ने धृष्टता गरिरहेको छ । राजपाले संविधानको धारा ७ उपधारा (१) मा संशोधन गरी राज्यको बहुभाषिक नीति उल्लेख हुनुपर्ने भनिरहेको छ । राजपा तराईमा १ प्रतिशत जनताले बोल्ने हिन्दी भाषाको प्रबर्द्धन गर्न खोजिरहेको छ । २ नं. आम जनसमुदायले बोल्ने नेपाली भाषामाथि अहिले परोक्ष आक्रमण भइरहेको छ । अझ उनीहरुले संविधानमै हिन्दी भाषालाई राष्ट्र भाषाको मान्यता दिइनुपर्ने माग गरेको स्मरणीय छ । कुनै पनि जाति र देशको पहिचान भाषाले दिन्छ । तराईमा मैथली, अवधि, भोजपुरी राजवंशी, थारु, धिमाल, सन्थाल, मेचे कोचे आदि भाषाहरु बोलिन्छन् । तर हिन्दी भाषामा राजपाले मरिहत्ते गर्नु आश्चर्यजनक छ ।

राजपाले धारा ११ (६) को नागरिकता सम्बन्धी धारामा संशोधन चाहेको छ । नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गर्ने विदेशी महिलाले सम्बन्धित देशको नागरिकता त्याग गरेपछि तुरुन्त अंगिकृत वैवाहिक नागरिकता पाउनुपर्ने उनीहरुको माग छ । यतिसम्म मात्र होइन, अंगिकृत नागरिकले राष्ट्रका उच्च संवैधानिक पदमा आसिन हुन पाउनुपर्ने राजपाको राष्ट्रघाती माग छ ।

अन्तरिम संविधान २०६३ मा रहेको अंगिकृत नागरिकता सम्बन्धी प्रावधानलाई राजपा संविधानमा समावेश गर्न चाहन्छ । अन्तरिम संविधानमा अंगिकृत नागरिकले देशका उच्च संवैधानिक पद पाउने नपाउने बारेमा कुनै उल्लेख छैन । नेपाल र भारतबीच खुला सीमा भएका कारण दिनहुँ हजारौं भारतीयहरु कामको खोजी र व्यापारका सिलसिलामा नेपाल आउने जाने गर्छन् । भारतसँग रोटीबेटीको सम्बन्ध त्यसै पनि रहिआएको छ । इपीजीको प्रतिवेदनमा सीमा नियमनको प्रावधान राखिएकै कारण भारतले प्रतिवेदन बुझ्न मानेको छैन । ७० वटा नाका खुला गरेर सीमा नियमत गर्ने सो प्रतिवेदनमा उल्लेख भएको बताइन्छ ।

नेपाली नागरिकसँग विवाह गरेका विदेशी चेलीले अंगीकृत वैवाहिक नागरिकता पाइरहेके छन् । तर तिनीहरुले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, उपसभामुख प्रधानन्यायाधीश, सेनापति, प्रहरी प्रमुख जस्ता उच्च संवैधानिक पद पाउनुपर्ने राजपाको तर्क राष्ट्रघातक छ । राजपा वंशजको आधारमा जन्मिएकाले जन्मसिद्ध नागरिकता पाउनुपर्ने भनिरहेको छ । नेपालको संविधानको धारा ११ को उपधारा (७) अनुसार विदेशी नागरिकसँग बिहे गरेकी नेपाली महिलाबाट जन्मेको सन्तानले अंगीकृत नागरिकता पाउने व्यवस्था छ ।

भारतको संविधानभन्दा अंगीकृत नागरिकतामा नेपालको संविधान उदार छ । भारतीय संविधानमा नेपाली नागरिकता पाउने प्रावधान समेत उल्लेख छैन । विदेशी नागरिकसँग बिहे गरेकी नेपाली महिलाकी पति नेपालमै बसेपछि कानुनअनुसार नागरिकता लिएमा उनीहरुका सन्तानले नागरिकता पाउने प्रावधान पनि सोही धाराले गरेको छ । भारतको संविधानमा वंशजको नागरिकता लिन पनि भारतीय बाबु र आमाबाट जन्मेका नागरिक हुनुपर्ने प्रावधान छ । नेपालको संविधानमा आमाको नामबाट नागरिकता पाउने उल्लेख छ । तर भारतीय संविधानमा त्यस्तो व्यवस्था छैन । नेपाली नागरिकसँग विवाह गरेकी कुनै विदेशी महिलाले तुरुन्त नागरिकता पाउने प्रावधान छ । तर भारतीय संविधानमा भारतीय पुरुषसँग विवाह गरेकी कुनै विदेशी महिलाले भारतको नागरिकता पाउन पतिसँग भारतमा लगातार सात वर्ष बसेको हुनुपर्ने र त्यसपछि मात्र उसले नागरिकताका लागि आवेदन दिन पाउने व्यवस्था छ । आवेदककर्ताले नागरिकता पाउनु नपाउनु भारतीय सरकारकै निर्णयमा भर पर्छ । नागरिकता पाउने अर्को कुनै कानुन छैन । जबकिम नेपालमा विवाहकै भोलिपल्ट सजिलै नागरिकता पाउन सकिन्छ ।

राजपाले संविधानको धारा २७४ मा रहेको प्रदेश सिमांकन सम्बन्धमा संशोधन खोजिरहेको छ । प्रदेश सिमांकन विषयमा संघीय संसदले न त फेरबदल गर्न सक्छ न त राजनीतिक सहमतिले । प्रदेशको सीमा सम्बन्धित प्रदेशको सहमति नभई परिवर्तन गर्न नसक्ने संवैधानिक व्यवस्था छ । राजपा सिमांकन परिवर्तनमा प्रदेशको सहमति हटाउन खोजिरहेको छ । यदि संविधान संशोधनद्वारा प्रदेशको सहमतिको प्रावधान हटाइएमा अर्को आन्दोलन हुने निश्चित छ । राजपालाई निर्वाचनमा जनताले उसको हैसियतमा राखिदिएका छन । राजपा पराजयको अर्थ उसका एजेन्डाहरु जनताद्वारा अस्वीकृत गरिएको हो । फेरि पनि नेपाललाई फिजीकरण गर्ने र महिन्दा चौधरीहरु जन्माउने भारतीय अमिष्टतालाई पूरा गर्न मधेसी नेताहरु लाग्नु उनीहरुकै लागि आत्मघाती कदम त हो नै इतिहासले घृणा गर्ने पात्रहरु हुनेछन् उनीहरु ।

## सम्पत्ति बाहिरिने...

काम गर्ने नेपाली परिवारलाई बेलायतले आवासीय भिसा प्रदान गरेपछि नेपालको सम्पत्ति बिक्री गरेर बेलायत पुऱ्याउनेको संख्या पनि ठूलो छ । त्यसैगरी अमेरिका, क्यानडा, अष्ट्रेलिया लगायतका मुलुकमा आवासीय भिसा पाउनेहरुले पनि नेपालको सम्पत्ति लगेर घर किन्ने र व्यवसाय गर्ने गरेका छन् । निजामती तथा अन्य सरकारी सेवामा रहेका कर्मचारीका छोराछोरीमार्फत पनि ठूलो रकम बाहिरिएको छ । बापिहरिएको रकमको तथ्यांक एकिन गर्न लामौ खोज तथा अनुसन्धान गर्नुपर्ने हुन्छ ।

## पाँच महिनामा...

रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने प्रबर्द्धन केन्द्रको भनाइ छ । नेपालबाट निर्यात हुने वस्तुमा यार्न, ऊनीको कार्पेट, तयारी गार्मेन्ट, जुस, चिया टेक्सटायल लगायतका वस्तु रहेका छन् ।

गन्तव्यका हिसाबले नेपालको निर्यात व्यापारमा भारतको हिस्सा उल्लेख्य रहेको छ । अन्य प्रमुख गन्तव्य मुलुकहरुमा संयुक्त राज्य अमेरका १२ प्रतिशत, जर्मनी ४ प्रतिशत, टर्की ३ प्रतिशत रहेको प्रबर्द्धन केन्द्रले बताएको छ । केन्द्रका अनुसार भारततर्फ निकासी २० दशमलव ५ प्रतिशतले वृद्धि भई २१ अर्ब ९२ करोड रुपैयाँ पुगेको छ । भारतमा निकासी भएका प्रमुख वस्तुमा चिया, जुस, फलाम तथा फलामका उत्पादन कपडा, जुटका उत्पादन, अलैंची, अम्लिसो, अदुवा सुपारी छन् । अमेरिकामा निकासी २६ दशमलव ६ प्रतिशतले वृद्धि भई ४ अर्ब ६८ करोड रुपैयाँ पुगेको छ । अमेरिकामा ऊनी गलैंचा तयारी पोसाक, फेल्ट छुर्पी, टोपी र ग्लासवेयर लगायतका वस्तु रहेका छन् ।


जर्मनीतर्फ निकासीमा ८ दशमलव ७ प्रतिशतले वृद्धि भई १ अर्ब ४७ करोड रुपैयाँ पुगेको छ । जर्मनीमा ऊनी गलैंचा तयारी पोसाक पस्मिना, फेल्ट, टोपी लगायतका वस्तु निर्यात रहेका छन् । त्यस्तै युकेतर्फ २ दशमलब २ प्रतिशतले वृद्धि भई १ अर्ब ३६ करोड रुपैयाँ पुगेको छ । टर्कीतर्फको निर्यातमा भने ३७ दशमलव ३ प्रतिशतले ह्रास आई १ अर्ब २६ करोड रुपैयाँ सीमित भएको छ ।

## केसीसँग...

चंगुलबाट फुत्काएर सर्वसाधारणको पहुँचमा ल्याउन चाहन्छन् । तर कम्युनिस्ट भनिने सरकार जनताको होइन, मेडिकल माफियाको हित प्रवर्द्धन गर्न तल्लीन छ । यसअघि डा केसीसँग गरेका पटक पटकका सम्झौता सरकारले तोड्दै आएको छ । अनशन तोडाउन मात्रै सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने सरकारी रवैयाले केसीलाई पुनः अनसनमा बस्न बाध्य पारेको हो ।

केसीसँग भएका सम्झौता अनुसारका मागहरु पूरा भइसकेको सरकारी दाबी छ । तर सरकारले सम्झौता विपरीत अध्यादेश ल्याएपछि केसीले अनसन सुरु गर्नु परेको हो । केसीको वयोवृद्ध उमेर र कठोर अनसनले उनको जीवन नै संकटमा पर्ने देखिँदैछ । केसीलाई सुविधा सम्पन्न अस्पतालमा लगेर उपचार गराई उनको जीवन बचाउन र उनका जनहितसँग सरोकार राख्ने माग पूरा गर्न सरकारले अब ढिलो गर्न हुन्न । निर्मला पन्त हत्या प्रकरणमा बदनाम भएको सरकार केसीको ज्यान तलमाथि भए अन्तर्राष्ट्रिय रुपमै कलंकित हुनेछ । वार्ता र सहमति अहिलेको आवश्यकता हो ।

# चिनियाँ अन्तरिक्ष यान चन्द्रमामा



'चन्द्रमाकी देवी' नाम दिइएको चिनियाँ अन्तरिक्ष यान चन्द्रमामा उत्रिएपछि यो संसारलाई चासोको विषय बन्यो । किन ? यो आफैंमा सबैको कौतूहलको विषय बन्न गयो त ? अमेरिकाले पनि त बारम्बार पठाइहेको छ । रसियाले पनि पठाएको छ । तर, चीनको चन्द्रमामा हुन पुगेको उपस्थितिलाई संसारले फरक ढंगले किन हेर्न थाल्यो ?

'चाङ ए-४ प्रोब' चीनको समयअनुसार बिहीबार बिहान ठीक १०:२६ बजे चन्द्रमामा ओर्लियो । ओर्लंदा पनि यो यान चन्द्रमाको कालो छाया परेको भागतिर ओर्लियो । यसले चीनको अन्तरिक्ष खोजप्रतिको सफल पाइलामा कुन कुराको खोजी बढी केन्द्रित रहेको छ भन्ने आशयलाई थप खोजकै विषय बनाएको छ ।

अहिले चीनले पठाएको यान चन्द्रमाको दूरवर्ती इलाका र त्यो पनि छाया परेको भागमा सफलतापूर्वक उत्रनु पहिलेदेखि यान पठाइरहेका शक्ति राष्ट्रहरू र त्यसमा पनि अमेरिकाका लागि चुनौतीको विषय बनेको छ ।

अमेरिकामा व्यक्ति धनी छन्, सरकार गरिब र ऋणी छ । तर, चीन भने सरकार आफैं निकै धनी छ । यसले पछिल्लो चरणमा सैन्य संयन्त्र तथा अन्तरिक्ष खोजका लागि गर्दै आएको खर्बौं डलरको लगानी अरू शक्ति राष्ट्रका लागि टाउको दुखाइको विषय बन्दै आएको छ ।

चीन हरेक काममा जनताको केही न केही भावनात्मकता जोडियोस् भनेर सतर्क रहने गरेको र सरकारले गरेका काम पनि जनताका लगानीझैं प्रचारमा आओस् र सामूहिकताको सन्देश जाओस् भन्नेमा धेरै सतर्क देखिन्छ । अहिले पठाइएको यानको नाम पनि 'चाङ ए-४ प्रोब मिसन' अर्थात् चिनियाँ भाषामा 'चन्द्रकी देवी' नामाकरण गरिएको छ ।

सधैंभरि पृथ्वीतिर फर्किरहने चन्द्रमाको भाग केही सजिलो, समथल परेको र अवतरणका हिसाबले धेरै सहज भए पनि चन्द्रमाको अर्कोतिरको नदेखिने भागचाहिँ उबडखाबड र पहाडी तथा भिरालो छ । यो निकै चट्टानी भाग रहेको छ । अनुसन्धानका लागि यानले लिएर गएका उपकरण पनि आधुनिक खोजमूलक कार्यमा निकै सहयोगी हुने बताइएको छ ।

त्यसमा रेडियो फ्रिक्वेन्सीसमेत परेको छ । चन्द्रमाको अर्को र कुनै पनि शक्ति राष्ट्रले नछोएको वा प्रवेश नगरेको यो भागमा यानले निर्वाध रूपमा सूचना संग्रह गर्ने र त्यो अनुसन्धानको नयाँ आयाम बन्ने कुरामा चीन निकै खुसी भएको छ ।

यो यानले चन्द्रमामा रहेका खनिज तथा विकिरणजस्ता कुराको पनि खोजी गर्नेछ । योभन्दा पूर्वका अनुसन्धानले चन्द्रमाको दूर क्षीतिज मानिने पृथ्वीबाट नदेखिने साइडको अध्ययन कहिल्यै गरेको थिएन । यो साँच्चै भन्ने हो भने हालसम्म पनि रहस्यमय क्षेत्र रहँदै आएको छ । नयाँ अनुसन्धानका रूपमा रहेको चन्द्रमाको यो भाग अमेरिकी नासाका लागि पनि रहस्य र कौतूहलको विषय बन्दै आएको छ । यहाँ ज्वालामुखीबाट बनेका ठूलाठूला सुक्खा क्रेटर ताल रहेको अनुमान गरिएको छ ।

अर्कोतिर रहेको र पृथ्वीबाट कहिल्यै पनि देखा नपर्ने त्यो क्षेत्रको दक्षिणी गोलार्द्धमा चिनियाँ यान उत्रेको छ । यहाँ निकै भयानक खालको ठूलो र गहिरो पिँध रहेको पनि बताइएको छ । यो खर्बौं वर्ष पहिले चन्द्रमामा बनेको आश्चर्यजनक पिँध मानिन्छ ।यस्तो रहस्यमय क्षेत्रमा उत्रिएको चिनियाँ यानले त्यहाँको बाहिरी सतहमा रहेका कुरा उत्खनन गरेर नमुनाका रूपमा पृथ्वीमा पठाउनेछ ।

पहिले त निकै शक्तिशाली प्यानोरामिक क्यामराले बाहिरी सतहको तस्बिर पृथ्वीमा पठाउनेछ । त्यसपछि मात्र उत्खननका काम अघि बढाउनेछ । निकै चासो र सतर्कताका साथ अनुसन्धान गर्ने यो यान हाल राम्रै सतहमा उत्रिएको बताइएको छ ।

अत्याधुनिक राडार जडान गरिएको यो यानले त्यहाँको अँध्यारो क्षेत्रको पनि सूक्ष्म अवलोकन गर्नेछ । त्यहाँको सतह भने ढुंगाका टुक्रा र धुलोले पुरिएर रहेको अनुमान गरिएको छ ।

पग्लिएका चट्टानको पनि यो क्षेत्रमा अनुसन्धान गरिनेछ । यो अनुसन्धानबाट हालसम्म गरिएका अन्तरिक्ष अनुसन्धानमा रहेका ग्याप र कमीकमजोरी पूरा हुन सक्ने विश्वास चीनले गरेको छ ।

यानमा जडान गरिएको रेडियो १० मेगाहर्जको मात्र भएकाले पृथ्वीमा यो सुन्न नसकिने बताइएको छ । यसका कारण चीनले यो सुन्न नसकिने गोप्य बनाएर होइन, बरु पृथ्वीमा रहेका हाईफ्रिक्वेन्सीका कारणले नसुनिने भएको बताइएको छ ।

## सिमानामा...

हस्ताक्षर कार्यक्रममा प्रतिष्ठानका अर्का सदस्य तेजेन्द्र प्रसाईं तथा गायिका सत्यकला राईको पनि उपस्थिति थियो । सहयोग रकमको प्रथम किस्ता प्राप्त गरेपछि निर्माता खड्काले यस्तो खालको सहयोग अहिलेसम्म कसैले नगरेको र यो सहयोगले आफूलाई नेपाली राष्ट्रवादको प्रबर्द्धनमा थप हौसला प्राप्त भएको बताउनुभयो ।

## गाजल मुखभरि...

भइसकेको छ । राष्ट्र बनाउने इच्छाशक्ति भएको 'राजनेता' नेपालको आवश्यकता हो । त्यो इच्छाशक्तिको झल्को नेकपाले भाषणमा, घोषणापत्रमा दिन सफल भयो, चुनावी बिजय यी दुईको राजनीतिक सम्मोहनकलाको सफलता पनि हो । तर परिणाममा निरुत्साही छ, जनताको धिक्कार हुनथालेका छन् ।

अर्को प्रश्न- चर्चिल र रुजेवेल्टको केमेष्ट्रीको उपज हो एटलान्टिक चार्टर । ओली र प्रचण्डको केमेष्ट्रीको उपज वामपन्थी मोर्चा हो । यो मोर्चा सर्वसत्तावाद र निरंकूशता कि विधिको शासन ? देशमा १ सय २६ जाति छन्, यिनको समानुपातिक सूचीमा न सतार छन्, न कुशवाह, कुर्मी, चमार, मुसहर, दमाई, कामी, राउटे कोही पनि छैनन् । दश पन्द्र जातिले चलाउने सत्ताले सवासय जातिको भलो, एकता, हक र हित संरक्षण गर्ने भाषण छ, एजेण्डा छैन । मुख्य सवाल अन्याय र गरीवीको उन्मूलन हो । विभेदको अन्त्य हो । वामपन्थीको आधारशक्ति भनेकै गरीबी र अन्यायपूर्ण समाज भएकाले समृद्धि र सुशासनका लागि यिनले कडाइका साथ काम नगरेकाले विश्वास कम र शंका बढी गर्ने ठाउँ सिर्जना भइसक्यो ।

विश्वप्रशिध्द दार्शनिक अरबिन्दले लेखेका छन् : 'यदि तिम्रो मनमा दास मानसिकता, परावलम्बी चिन्तन र कलुषित विचार छ भने तिमी कहिले पनि आफ्नो माटोका लागि बाँच्न सक्दैनौं ।' अहिलेलाई अदृश्य शक्तिले अपराजेय बनाईएका अपवित्र गठबन्धनका नायकव्दय प्रचण्ड र ओली त्यस्तै शक्तिशाली बनेका छन्, जो नेपाली जनताको आँखामा नयाँ नेपाल, धर्मनिरपेक्ष नेपाल, गणतन्त्र नेपाल, संप्रभू नेपाल बनाउने चित्ताकर्षक भाषणको धूलो उडाएर जनतालाई मख्ख पार्न सफल भए । व्यवहारमा राष्ट्रवादलाई चितामा सेलाउन सुरुजस्तो देखिन्छ । यिनले बिर्सेका छन्- जनता राष्ट्रवादी छ, राष्ट्रको मलामी बन्न तैयार छैनन् । नेपाल १९७५ को सिक्किम होइन, आत्मरक्षामा त्यति कमजोर नठान । चेतना रहोस् ।

राजतन्त्रको अस्त भएपछि निरंकूशतन्त्रको अन्त्य भयो, प्रजातन्त्रको सूर्य उदायो भन्ने कुरा यिनैले गलत साबित गरिदिए । जनबललाई वामपन्थी सिद्धान्तको साँचोमा ढालियो र प्रजातन्त्रलाई गौण पारियो भने, वामपन्थी शासन अराजकता उत्पादन गर्ने कारखाना बन्नेछ । संघीयताले धेरै समस्या ल्याइसक्यो, अर्को महाभारतको जन्म नगराओस् ।

यतिखेर विश्व समाचारका दुई विषय छन् : ह्यारी पोर्टर पुस्तक र नेपालमा लोकतान्त्रिक शक्तिको हारसँगै कम्युनिष्ट शासन । जनयुद्ध, जनआन्दोलन, शान्तिप्रक्रिया समाप्त हुन नसके पनि यिनको पटक पटकको सत्तारोहण, चुनाव र विजय, फेरि सत्ताको शिखरारोहण, देशमा १३ वर्षदेखि एकपछि अर्को कम्युनिष्टका तिलस्मी घटना घटिरहेका छन् । राजनीति पेण्डोराको बाकस साबित नहोस्, जनअपेक्षा पूरा गर्न ल्याकत र ताकत देखाउन जरुरी छ, तर कम्युनिष्टमा त्यो गुण देखिदैन ।

खेलको नियम हुन्छ, राजनीतिको सिध्दान्त हुन्छ, राज्य बिधिमा चल्छ । प्रजातन्त्रको सुन्दरता भनेकै बिधि हो । यो सुन्दरता, आँखामा गाजल सुहायो भन्दैमा मुखभरि गाजल पोत्ने काम कम्युनिष्टले गरे भने चुनावबाट उदाएको रातो सूर्य कालो पनि हुनसक्छ । केपी ओली र प्रचण्ड सूर्य उदाए झैं उदाएका छन्, सूर्यको राप र तापको लोकतान्त्रिक राजमार्गको सदुपयोग गरुन् । यो कालखण्ड अर्को कालरात्रि साबित नहोस् ।

## एनसेल...

मिलिसकेको भन्दै ८० प्रतिशत सेयरहोल्डर रहेको एक्जियटा र २० प्रतिशतका स्थानीय साझेदार आचार्य दुबई पुगेका हुन् ।

उनीहरूले यसअघि सेयर हस्तान्तरण हुँदाको लाभकर विवादलाई टुंगोमा नपुग्दै कम्पनी बेचेर नेपालबाट बाहिरिन खोजेका छन् । टेलियाबाट एक्जियटामा सेयर हस्तान्तरण हुँदाको विवाद अहिले पनि सर्वोच्च अदालतमा विचाराधीन रहेको छ ।

एनसेलले नौ अर्ब ९६ करोड ९५ लाख रूपैयाँ लाभकर भुक्तानी गरेको थियो । कम्पनीले त्योभन्दा बढी लाभ गरेको दाबी कर कार्यालयले गरेपछि नपुग रकम भन्दै ११ अर्ब ५७ करोड ८४ लाख लाभकर र त्यसमा दुई अर्ब दुई करोड ६२ लाख रूपैयाँ ब्याजसहित १३ अर्ब ६० करोड ४७ लाख रूपैयाँ भुक्तानी गरेको थियो ।

एडब्लुजिएएललाई एक्जियटा र सुनिभेराले जेष्ठ १९ गते एलओआई जारी गरेका थिए । यो एलओआइमा अफिस अफ अब्दुलवाहब गलदारीका तर्फबाट त्यसका अध्यक्ष अब्दुलवाहब इलायज अब्दुलवाहव एल गल्दारीले हस्ताक्षर गरेका छन् भने एक्जियटाको तर्फबाट कम्पनीका अध्यक्ष तथा सिइओ तानश्री जमालउद्दिन इब्राहिम र सुनिभेरा क्यापिटल भेन्चरका तर्फबाट सतिशलाल आचार्यले असार ८ मा हस्ताक्षर गरेका छन् । एलओआईमा हस्ताक्षरपछि एडब्लुजिएएलले ड्यु डेलिजेन्स रिभ्यु गर्ने सहमति गरिएको छ । कम्पनीले वित्तीय, प्राविधिक, व्यापार, सञ्चालन, कानुनी प्रावधान र मानव संसाधनको ड्यु डेलिजेन्स गर्न चाहेको छ । यसैबीच, अर्का व्यापारी अजय सुमार्गीसमेत आफ्नो टेलिकम कम्पनी हेलो नेपाल बिक्रीका लागि दुबई पुगेका छन् । उच्चस्रोतका अनुसार उनी पनि एनसेलको टोलीसँगै दुबई पुगेको जानकारी दिएको छ ।

## ३३ वर्षसम्म चियाको मात्र भर

कुनै मानिस अन्न नखाईकन कति समय बाँच्न सक्ला ? भारता एकजना महिला चाहिँ ३३ वर्षसम्म केवल चिया मात्र पिएर बाँचिरहेकी छन् । यो सुन्दा पत्यार नलाग्न सक्छ, अनौठो लाग्न सक्दछ । तर यो साँचो हो । उनको त्यो अनौठो शारिरिक क्षमता देखेर डाक्टर पनि तीनछक परेका छन् ।

भारतको छत्तिसगढस्थित कोरिया जिल्लाको बरदिया गाउँमा बस्ने ४४ वर्षकी पल्ली देवी नामकी महिलाले पछिल्लो ३३ वर्षसम्म अन्न खाएकी छैनन् ।

पल्लीदेवीले अचानक ११ वर्षको उमेरमा अन्न त्याग गरिन् । त्यसयता उनले आफ्नो मुखमा अन्न तथा शुद्ध पानी हालेकी छैनन् । केवल चिया मात्र पिएकी छन् । उनको नाम नै चियावाली रहन गएको छ । उनी आफ्नो माइतीमै बस्दै आएकी छिन् । उनका बुवाको अनुसार उनी ६ कक्षामा पढ्दाखेरि अन्न त्याग गरेकी थिइन् । स्कुलबाट जिल्लास्तरीय खेलकुदमा भाग लिएर घर फर्किएपछि उनले खाना खान छाडेकी थिइन् । पहिले त एक दुई महिनासम्म उनले केवल विस्कुट, चिया तथा ब्रेड सम्म खाएकी थिइन् । तर विस्तारै उनले विस्कुट र ब्रेडपनि खान छाडिन् । उनका भाइले भने आफू जान्ने हुँदादेखि कहिल्यै पनि पल्लीले खानेकुरा खाएको नदेखेको भन्दै चिया पनि केवल दिन ढलेपछि मात्र पिउने गरेको दाबी गर्दछन् ।

## वुमन ट्वान्टी-२० मा नेपाल समूह बिजेता

काठमाडौं । आरती बिडारीको उत्कृष्ट बलिङप्रेरित नेपालले थाइल्यान्डमा जारी वुमन ट्वान्टी-२० स्प्यास प्रतियोगितामा लगातार चौथो जित हात पार्दै समूहविजेता बनेको छ । यसअघि लगातार तीन खेलमा सुखद नतिजा हात पार्दै सेमिफाइनलमा स्थान पक्का गरेको नेपालले बुधबार समूह 'ए' को अन्तिम खेलमा थाइल्यान्ड 'ए' लाई ९ विकेटले पराजित गरेको हो ।

थाइल्यान्ड 'ए' ले प्रस्तुत गरेको २० रनको झीनो लक्ष्य नेपालले ३.३ ओभरमा १ विकेटको क्षतिमा पूरा गरेको थियो । नेपालका लागि ओपनर नेरी थापाले अविजित ५ र डोली भट्टले अविजित २ रन जोडे । नेपालले ११ रन जोड्दा ओपनर ममताकुमारी चौधरीलाई पहिलो विकेटका रूपमा गुमाएको थियो । ९ बलमा १ चौका प्रहार गरेकी ममताले ८ रनको योगदान गरिन् । यसअघि टस जित्दै ब्याटिङ रोजेको थाइल्यान्ड 'ए' ले १५.४ ओभरमा सबै विकेट गुमाउँदै १९ रनको झीनो योगफल तयार पारेको थियो । थाइल्यान्डका कुनै पनि खेलाडीले दोहोरो अंक छुन सकेनन् । यस क्रममा पाँच खेलाडीले रन खातासमेत खोल्न सकेनन् । थाइल्यान्डले ७ रन अतिरिक्तका रूपमा पाएको थियो ।